# पूर्व जनमुक्ति सेना समायोजनः
# एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता
पुरा गर्नको लागि समाजशास्त्र/मानवशास्त्र विभाग
कुमारवर्ती बहुमुखी क्याम्पसमा
प्रस्तुत गरिएको
शोधपत्र


<u>शोधकर्ता</u>
डम्मर सिंह ठकुरी
कुमारवर्ती बहुमुखी क्याम्पस
समाजशास्त्र/मानवशास्त्र विभाग
कावासोती-२, नवलपरासी
रोल नं. २९९०००२/२०६७
त्रि.वि. द.नं. २०३५-१९९०

सन् २०१६

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University

फोन नं. + ९७७-७८-५४०११५
ph. +977-78- 540115

# कुमारवर्ती बहुमुखी क्याम्पस
# KUMARWARTI MULTIPLE CAMPUS

समाजशास्त्र तथा मानवशास्त्र विभाग
Department of Sociology & Anthropology
कावासोती-२, नवलपरासी
Kawasoti-2, Nawalparasi
स्था: २०४५ वि.सं.
Estd : 1988 A.D.

प.सं. (L.No.):-
च.नं. (Ref.No.) :-

मिति (Date): २०७३/११/१०

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक आवश्यकता पुरा गर्नका निमित्त समाजशास्त्र/मानवशास्त्र विभागमा अध्ययनरत छात्र श्री डम्मर सिंह ठकुरीद्वारा "पूर्व जनमुक्ति सेना समायोजन: एक समाजशास्त्रीय अध्ययन" विषयमा तयार गरिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार भएको व्यवहोरा निवेदन गर्दै आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................
श्री गुरु प्रसाद सुवेदी
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र विभाग
कुमारवर्ती बहुमुखी क्याम्पस
नवलपरासी

i

E-mail: kmcampus@gmail.com URL: kumarwarti.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University

फोन नं. + ९७७-७८-५४०११५
ph. +977-78- 540115

# कुमारवर्ती बहुमुखी क्याम्पस
# KUMARWARTI MULTIPLE CAMPUS

समाजशास्त्र तथा मानवशास्त्र विभाग
Department of Sociology & Anthropology
कावासोती-२,नवलपरासी
Kawasoti-2, Nawalparasi
स्था: २०४५ वि.स.
Estd : 1988 A.D.

प.सं. (L.No.):-
च.नं. (Ref.No.) :-

मिति (Date) :...२०७३/११/२५..

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नात्तकोत्तर तहको उपाधि प्राप्तिको निमित्त श्री डम्मर सिंह ठकुरीद्वारा तयार गरी कुमारवर्ती बहुमुखी क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागमा प्रस्तुत "पूर्व जनमुक्ति सेना समायोजन: एक समाजशास्त्रीय अध्ययन" एक समाजशास्त्रीय अध्ययन विषयक शोधपत्र उक्त उपाधि प्राप्त गर्नका लागि उचित ठहरिएकोले स्वीकृति गरिन्छ ।

<u>शोध मुल्याङ्कन समिति</u>

मुल्याङ्कन समिति | हस्ताक्षर

श्री झबबहादुर सुनार ..............................
(विभागीय प्रमुख)

श्री लीलबहादुर भण्डारी ..............................
शहीद स्मारक कलेज, चितवन
(बाह्रय निर्देशक)

श्री गुरु प्रसाद सुवेदी ..............................
(शोध निर्देशक)

ii

E-mail:kmcampus@gmail.com URL:kumarwarti.edu.np

## कृतज्ञता ज्ञापन

नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि पूर्व जनमुक्ति सेना एक आधारभुत पक्ष हो । सशस्त्र फौजको रुपमा विकास भई सामन्तवादको विरुद्धमा विगतको जनयुद्धका विभिन्न चरणहरु जनसेनाले ऐतिहासिक भूमिका खेलेको थियो । तत्कालीन सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएका विभिन्न सहमति, संझौता र छलफल पश्चात सेना समायोजन प्रक्रिया सम्पन्न भएको थियो । समायोजन, स्वेच्छिक अवकाश र बहिर्गमनका विभिन्न कार्यहरुले नेपालको नयां संविधान निर्माण गर्न र शान्ति स्थापनाको दिगो समाधानको मार्ग प्रशस्त गरेको छ । दिगो शान्ति स्थापनाको लागि समाजमा फर्किएका पूर्व जनमुक्ति सेनाहरुको भूमिका न्यून गरिनु हुदैन । हतियार चलाउन निपूर्ण शक्तिलाई राज्यले ठीक ठीक स्थानमा सिर्जनशील राष्ट्र विकासका वृहद योजनामा जोड्न सकेमा देशले थप अग्रगति हासिल गर्ने सम्भावना रहन्छ । पूर्व जनसेनामा कतिपय निराशा, आशंका, अभाव, वेरोजगारीका समस्यालाई समयमा नै राज्यले समाधान गर्दै सामाजिक क्षेत्रमा समायोजन, अन्तरक्रिया र अवसर छलफलको माध्यमबाट समाधान गर्नु वर्तमानको आवश्यकता रहेको छ । देशमा द्वन्द्व पश्चातको एक दशक पनि शान्ति प्रक्रिया र नयां संविधान निर्माणमा महत्वपूर्ण कार्य सम्पन्न भई संविधान कार्यान्वयनको प्रक्रियामा वढि सकेको छ ।

समाजशास्त्र तथा मानवशास्त्र विषयमा स्नातकोत्तर परीक्षा प्रयोजनको निम्ति शोधकार्य गर्नु आफैमा गहन कार्य हो । यस कार्यलाई कसरी पुरा गर्ने, के शिर्षकमा गर्ने भनी घोत्लिदै जांदा सेना **समायोजन** नै उपयुक्त हुने सोचाई बन्यो । देशको शान्ति प्रक्रियाको महत्वपुर्ण पक्ष रहेको सेना समायोजनको प्रक्रियामा आफू स्वयं सहभागी भइसकेकोले पनि यो शिर्षक समसामयिकता एवं उपयोगी हुने भएकोले पूर्व जनमुक्ति सेना सदस्यहरुको समायोजनले सामाजिक, आर्थिक अवस्थामा के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अध्ययन गर्ने अवसर दिएकोमा कुमारवती बहुमुखी क्याम्पस नवलपरासी समाजशास्त्र तथा मानव शास्त्र विभाग प्रति ह्रदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । त्यसरी नै आफ्नो अमूल्य समय दिएर सघन सुपरिवेक्षण गर्दै शुरुदेखि अन्त्यसम्म सोध कार्यमा निर्देशन दिनुहुने आदरणीय विभाग प्रमुख एवं क्याम्पस प्रमुख श्री गुरु प्रसाद सुवेदीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै, कुमारवती क्याम्पसका पूर्व सहायक प्रध्यापक डा. शंकर बस्यालज्यू, सहायक प्रध्यापक विदुर पराजुलीज्यू एवं समाजशास्त्र तथा मानवशास्त्र विभागका प्रध्यापकज्यूहरु प्रति सादर कृतज्ञता व्यक्त गर्दछु । यस सोध कार्यलाई तयार गर्ने क्रममा उत्प्रेरणा जगाउने कार्यमा सहयोग

गर्नुहुने मेरा आदरणीय मान्यजन, सहयात्री साथीहरु प्रति सदैव ऋणी छु । साथै, यस शोध कार्य जसरी भएपनि पुरा गर्नु पर्दछ भनी उत्प्रेरणा प्रदान गर्ने मेरी श्रीमती सुशिला श्रीपाली, छोरी सुदिक्षा प्रति विशेष धन्यवाद दिन चाहन्छु । यसै शोध कार्यमा सहयोग गर्नुहुने पूर्व जनमुक्ति सेनाका समायोजित, अवकाश एवं वहिर्गमित विभिन्न देश, विदेशमा रहनु हुने प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यो शोध कार्य तयार पार्ने क्रममा आवश्यक सन्दर्भ सामग्री प्रतिवेदन उपलब्ध गराउनु हुने मित्र बुद्धि खनाल, प्रकाश भुपाल लगायत सम्पूर्ण समाजसेवी, राजनीतिक सैनिक संस्थाका समग्र व्यक्तित्वहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

शोधकर्ता:

डम्मर सिंह ठकुरी

सन्धिखर्क १३, अर्घाखाची

२०७३

# विषय सूची


सिफारिस पत्र............................................................ I

स्वीकृती पत्र ............................................................ II

कृतज्ञता ज्ञापन............................................................ III

विषय सूची............................................................ IV

तालिमका सूची............................................................ V

चित्र सुची ............................................................ VI

अध्याय एक: परिचय............................................................ १-५

१.१. अध्ययनको पृष्टभुमी............................................................ १

१.२ समस्याको कथन............................................................ ४

१.३ अध्ययनको उद्देश्य............................................................ ५

१.४ अध्ययनको महत्व ............................................................ ५

१.५ अध्ययनको संगठन............................................................ ५

अध्याय दुई: सम्वन्धीत साहित्यको अध्ययन................................ ६-२४

२.१ सैद्धान्तिक अवधारणा............................................................ . ६

२.२ पुर्व जनमुक्ति सेना उदय र विकास................................ ७

२.३ समायोजनको ऐतिहासिक पक्ष........................................ १०

२.४ सेना समायोजनका अन्तराष्ट्रिय अनुभव................................ ११

२.४.१ सफल देशहरु............................................................ ११

२.४.२ आंशिक सफल देशहरु............................................................ १४

२.४.३ असफल देशहरु............................................................ १५

२.५ समायोजनका सिद्धान्तहरु............................................................ १७

२.६ सेना समायोजनको नेपाली मोडेल................................ १८

२.६.१ समायोजन हुने मापदण्डहरु............................................ १८

२.६.२ अनमिनको भुमिका............................................................ १९

२.६.३ समायोजनमा विषेश समितिको भुमिका............................ २०

२.७ सेना समायोजनको महत्व............................................................ २०

२.८ पुनः स्थापना र अवकास पछिका अवस्था.......................... २१
२.९ समायोजन नरोजी अवकास जानुका कारणहरु.................... २२
२.१० पुनस्थापना र अवकास............................................. २३
२.११ विद्रोह पूर्व देखि अवकाश सम्मको पूव जनसेनाको संक्षिप्त अवस्था..... २४

**अध्याय तीनः अनुसन्धान विधि....................................... ... २५-२७**
३.१ अनुसन्धानको ढांचा................................................. २५
३.२ अध्ययनको क्षेत्र छनौट र यसको औचित्य..................... २५
३.३ अध्ययनको समग्रता र नमुना छनौट............................ २५
३.४ अध्ययनको प्रकृति तथा श्रोतहरु.................................. २५
३.५ तथ्याङ्क विधिहरु......................................................... २५
३.६ तथ्याङ्क संकलन गरी अपनाईएका अन्य तरिका.................... २७
३.७ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण............................ २७
३.८ अध्ययनको सिमा.................................................... २७

**अध्याय चारः जनमुक्ति सेना सदस्यहरुको सामाजिक, आर्थिक अवस्था....२९-४०**
४.१ पुर्व जनमुक्ति सेना सदस्यहरुको सामाजिक पक्ष....................... २९
४.२ पुर्व जनमुक्ति सेना सदस्यहरुको आर्थिक पक्ष..................... ४०

**अध्याय पांचः सारांश र निर्ष्कष.......................................... ४६-४९**
५.१ सारांश.................................................................. ४६
५.२ निर्ष्कष.................................................................. ४९

# तालिका सूचि


| शिर्षक | पेज नं. |
|---|---|
| तालिका नं. १ पूर्व जनसेना सदस्यको जातिगत विवरण | ३० |
| तालिका नं. २ पुर्व जनसेना सदस्यहरुको उमेर र लैगिक अवस्था | ३१ |
| तालिका नं. ३ पुर्व जनसेना सदस्यहरको परिवारको प्रकार | ३२ |
| तालिका नं. ४ पुर्व जनसेना सदस्यहरुको वैवाहिक स्थिति | ३३ |
| तालिका नं. ५ मातृ भाषागत् सहभागिता | ३६ |
| तालिका नं. ६ सदस्यहरुको आय स्तर सम्बन्धी विवरण | ४२ |
| तालिका नं. ७ विद्यालय जाने बालबच्चाको विद्यालयको प्रकृति सम्वन्धी विवरण | ४२ |
| तालिका नं. ८ परिवारको जमिन माथीको स्वामित्व विवरण | ४३ |
| तालिका नं. ९ पेशामा संलग्न भएपश्चात् आर्थिक वचतको अवस्था | ४५ |

## चित्र सूचि


| शीर्षक | पेज नं. |
| --- | --- |
| चित्र नं. १ बाट सहभागी सदस्यहरुको धर्म सम्वन्धी विवरण | ३० |
| चित्र नं. २ पुर्व जनसेनाको शैक्षिक विवरण | ३४ |
| चित्र नं. ३ पुर्व जनसेनाहरुको क्षेत्रगत विवरण | ३६ |
| चित्र नं. ४ सामाजिक, राजनीतिक संस्थामा पुर्व जनमूक्ति सेना सहभागिता | ३७ |
| चित्र नं. ५ पुर्व जनमूक्ति सेना सदस्यको समाजमा प्रभाव | ३८ |
| चित्र नं. ६ स्थानीय जनता संगको सहकार्य | ३९ |
| चित्र नं. ७ सामाजिक जीवनस्तर | ४० |
| चित्र नं. ८ पेशा सम्वन्धी विवरण | ४१ |
| चित्र नं. ९ उत्तरदाताको घरको अवस्था | ४४ |

# अध्याय: एक
# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि:

विश्वका हरेक सामाजिक राजनैतिक परिवर्तनका पछाडी सशस्त्र वा जनबलका माध्यमबाट संघर्ष भएका छन् । इतिहासको अध्ययनको क्रममा तत्कालीन समाज र शासन व्यवस्थालाई हटाउने प्रक्रियामा निशस्त्र वा सशस्त्र संघर्ष भएकै हुन्छन् । आमुल परिवर्तनको क्रममा समाजाई रुपान्तरण गर्ने प्रकृयामा पुरातन पक्षलाई विस्थापित गर्ने काम सामान्य रुपले भएका कमै भेटिएका छन् ।

रोमको आदिम दाश विद्रोह (ई.पू.७३-७१) संभवत पहिलो ठूलो सशस्त्र विद्रोह थियो । बेलायतको राजतन्त्रको विरुद्ध सन् १९४५ को ओलीभर क्रमवेलले चलाएको सशस्त्र आन्दोलनले निरंकुस राजतन्त्र अन्त्य गर्नु परेको थियो । सन् १८७१ मा फ्रान्सको राजधानी पेरिसमा मजदुरहरुले **"नेसनल गार्ड"** नाम गरेको सशस्त्र समुह बनाएर क्रान्ति गरेका थिए । रुसी समाजवादी क्रान्ति (सन् १९१७) होस् वा चिनियां नयां जनवादी क्रान्ति (सन् १९४९) मा पुरानो सत्ताको विरुद्ध हतियारवद्ध आन्दोलन नयां सेना निर्माण गरेर नै सफल भएका थिए ( सिंह, २०५८) ।

नेपाल राष्ट्र निर्माणको लागि पृथ्वी नारायण शाहले नेपाली सेना निर्माण गरेर सशस्त्र हमलाबाट ऐतिहासिक नेपाल एकीकरण गरेका थिए । नेपालको राणा शासनको विरुद्ध ( वि.सं.२००७) को नेपाली कांग्रसले चलाएको सशस्त्र आन्दोलन वा झापा संघर्षको क्रममा तत्कालीन नेपाल कम्युनिष्ट पार्टीको पूर्व कोसी प्रान्तीय कमिटीले चलाएको झापा आन्दोलन ( वि.सं.२०२८) सशस्त्र आन्दालेनको रुपमा देखा पर्दछ नेपालमा राजतन्त्रको विरुद्ध नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले चलाएको जनयुद्ध (वि.सं.२०५२-६३) हतियारवद्ध थियो (के.सी., २०५८) ।

विश्वका विभिन्न देशका आन्दोलन पश्चात शक्ति सन्तुलनको क्रममा पुरानो सरकार र विद्रोही शक्ति ने.क.पा. (माओवादी) का बीचमा भएका संझौता र सहमति समेत गरी सेना समायोजन भएका विगत २५ वर्ष यता हालसम्म ३८ वटा सफल र असफल उदाहरणहरु रहेका छन् । एसियामा नौ (अफगानिस्तान, बर्मा, आचे इन्डोनेसिया, क्याम्बोडिया, इराक, लाओस, फिलिपिन्स, श्रीलंका र नेपाल) अमेरिकामा दुई (कोलम्बिया र हाइटी), युरोप पांच (चेचेनिया, जर्जिया, वोस्निया र हर्जगोभिया, सर्भिया र उत्तर आयरल्याण्ड) र अफ्रिकामा बिस (लाइवेरिया, मोजाम्बिक, नामिविया, नाइजेरिया, लोकतान्त्रिक कंगो, गणतान्त्रिक कंगो, मध्य अफ्रिकी गणतन्त्र, गिनीया वैसु, रुवान्डा चांद, अंगोला, इरिट्रिया, दक्षिण अफ्रिका, अल्वानिया, आइभरिकोष्ट र जिम्बावे पर्दछन् (डा. विष्णु पाठक, २०६६) ।

नेपालको सन्दर्भमा सेना समायोजन राजनैतिक रुपले राजतन्त्र र सामन्तवाद पराजीत भएको र त्यसलाई समर्थन गर्ने सेनासंग सन्तुलनको अवस्था हो । नेपालको जारी शान्ति प्रक्रियामा संविधान सभा मार्फत् जनताको अभिमतको आधारमा राज्य पुन:संरचना आर्थिक, सामाजिक रुपान्तरणका मुद्दाहरु, शासन व्यवस्था, निर्वाचन प्रणाली, जनताको शासन व्यवस्थामा प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता बारे नयां संविधानद्वारा व्यवस्था गर्ने एवं पुरानो सेना र सुरक्षा संरचनाको पुन:स्थापना, लोकतान्त्रिकरण, समावेसी र राष्ट्रिय चरित्र निर्माण, नागरिक सर्वोच्चता र जनतान्त्रिक नियन्त्रण (Democratic Control) मा ल्याउने र जनमुक्ति सेनालाई क्यान्टोनमेण्टमा जम्मा गर्ने, अनमिनको अनुगमनमा राख्ने, दर्ता प्रक्रिया एवं प्रमाणिकरण गर्ने र समायोजनबाट व्यवसायीकरण गर्ने प्रक्रियालाई स्वीकार गरिएको सन्दर्भमा स्मरण गर्नै पर्दछ (पुन, २०६७) ।

बाह्र बुंदे सहमति, २०६२ मंसिर, आचार संहिता २०६३ जेठ, आठ बुंदे सहमति २०६३ असार, सहमति २०६३ कार्तिक २२, विस्तृत शान्ति संझौता २०६३ मंसिर, अन्तरिम संविधान २०६३ र हतियार सेना व्यवस्थापनको अनुगमन संझौता २०६३ मंसिरका विभिन्न विषयहरुले नेपालको द्वन्द्व, शान्ति प्रक्रिया तथा समायोजनको आफ्नो विशिष्ट मौलिकता र विशेषता रहेको छ । राज्यको पुन:संरचना सहितको राजनीतिक रुपान्तरण एवं सुरक्षा क्षेत्रको व्यापक पुन:संरचना, राज्यको नयां सुरक्षा नीति, नयां प्रतिरक्षा नीति एवं नयां सेना र सुरक्षा संरचना निर्माणको व्यापक अवधारणा समेटिएको नेपाली मौलिकता सहितको समायोजनको मोडल विगतका सहमतिहरुमा स्वीकार गरिएको छ (पुन, २०६७) ।

नेपालको शान्ति प्रक्रिया तथा सेना समायोजन सम्पुर्ण अन्तर्राष्ट्रिय समुदायहरुमा उदाहरणीय कार्यका रुपमा स्थापित भएको छ । नेपाली समाजमा आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्ने लक्ष्य सहित नेपाली राजनीतिक घटनाक्रममा भएको विगतको एक दशक भन्दा लामो अवधिको सशस्त्र द्वन्द्वपछिको शान्तिपुर्ण अवतरणसंगै सुरु भएको शान्ति प्रक्रियाको अभिन्न पक्षको रुपमा रहेको सेना समायोजनको सफल अध्यायका रुपमा सम्पन्न हुनु हामी सबैका लागि सन्तोषको विषय हो (पूर्व प्र.म. रेग्मी, २०७० भाद्र १०) ।

२०४८ को संसदीय निर्वाचनमा ९ सिट जितेर तेस्रो ठूलो राजनीतिक दलका रुपमा ने.क.पा. (माओवादी) ले आफूलाई उभ्याएको थियो । २०५२ फागुन १ देखी २०५८ भाद्रसम्मको रणनीतिक रक्षाको अवधिलाई छापामार कारवाही गर्न स्वयंसेवक दल, सुरक्षा दल र लडाकु दलको संरचना निर्माण गरेको थियो । सरकारको प्रहरी शक्ति माथी मुख्य आक्रमण गर्दै, पुरानो संरचनाका आर्थिक राजनीतिक प्रतिष्ठान माथी हमला गर्ने, प्रचार संगठन र उत्पादन गर्ने जस्ता सहायक कामका रुपमा गरेको थियो । पश्चिम, मध्य र पूर्वी क्षेत्रीय ३ कमाण्डका साथै उपत्यका र प्रवासमा पनि कार्य विभाजन गरिएको थियो । लडाकुदलबाट

स्क्वायड हुँदै प्लाटुन गठन गरिए । स्पेशल टास्क फोर्स (STF) २०५५ माघ देखि ०५६ असारसम्म फौजी संगठन बने भने २०५७ भाद्रमा कम्पनी गठन गरिएको थियो (चलाउने, २०६६) ।

२०५८ भाद्र १६-१८ मा रोल्पाको कुरेलीमा राष्ट्रिय भेला गरी जनमुक्ति सेना (PLA) घोषणा गरी बटालियन संरचना बनाइयो । २०५९ असारमा ब्रिगेड, २०६० असारमा डिभिजन हुँदै ६२ असोजसम्म ७ वटा डिभिजन बने । २०६३ मंसिर ५ गतेबाट देशका सातवटा मुख्य र २१ वटा सहायक शिविरमा ३०८५२ संख्यामा जनसेनाको क्यान्टोन्मेन्ट स्थापना भए ( चलाउने, २०६६) ।

शिविरहरुमा जनमुक्ति सेना र हतियारको दर्ता प्रमाणीकरण शिविरहरुको रेखदेख अनुगमनको लागि अनमिन (UNMIN) ले २३ जनवरी २००७ देखि १५ जनवरी २०११ सम्म गरेको थियो । राजनीतिक दल र ने.क.पा. (माओवादी) पार्टीबीच भएको संझौता र सहमति अनुसार नेपाली सेना र जनसेना दुवैको अनुगमनको लागि अनमिनको उपस्थितिमा उल्लेख्य काम भएका छन् । सीमित कार्यादेश भएको अनमिनबाट धेरै कुराको अपेक्षा गर्न सकिने अवस्था नभएपनि उसले सेना, माओवादी लडाकु र तिनका हतियारको अनुगमन गरेर तथा द्वन्द्वरत पक्षबीच अन्तर्राष्ट्रिय निकाय “रेफ्री” बसेको अनुभूति दिलाएर शान्ति प्रति आशा र विश्वास जगाई रह्यो (किरण नेपाल, हिमाल) ।

अनमिनको वहिर्गमन पश्चात शान्ति प्रक्रिया तथा सेना र हतियारको अनुगमन मतभेदको समाधान गरी सेना समायोजन र व्यवस्थापन गर्ने कार्य विशेष समितिले गरेको थियो । विस्तृत शान्ति संझौतामा हस्ताक्षर भएको मितिले ६ महिनाभित्र शान्ति प्रक्रिया टुंग्याउने भनिएपनि संझौता भएको ६ वर्ष ४ महिनामा चैत्र ३०,२०६९ मा सेना समायोजन र व्यवस्थापन सम्पन्न भएको हो ।

लामो समयको अन्यौल र अनिश्चितताका बीच सरकारले शान्ति प्रक्रियालाई तार्किक निष्कर्षम पुऱ्याउन माओवादी लडाकुहरुलाई स्वेच्छिक अवकाश तथा नेपाली सेनामा समायोजन गराएको हो । समायोजन रोजेका १४४१ र स्वेच्छिक अवकाश राजेको १८८६१ को संख्यामा थिए भने कम उमेरका २९७३ र १०३५ जना ०६३ जेठ १२ पछि भर्ना भएका थिए (ASIA, Rep no.12) यसरी समायोजित, स्वेच्छिक र वहिर्गमित पूर्व जनमुक्ति सेनाले सामाजिक आर्थिक क्षेत्रमा के कस्तो प्रभाव पारेको छ भन्ने विषय अध्ययनको मूल पक्ष रहेको छ ।

## १.२ समस्याको कथन

नेपाल लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्थामा प्रवेश गरिसकेको छ । नेपालको संविधान २०७३ ले नेपाली जनताको मौलिक हक, नागरिक स्वतन्त्रता, राष्ट्रिय स्वाधिनता एवं समृद्धिको दिशातिर तीव्रतर विकासको लागि मार्ग प्रशस्त गरिसकेको छ । संघियता, स्वशासन, स्वायत्तता

जस्ता महत्वपूर्ण पक्षहरुमा व्यापक छलफल चलिनै रहेको छ । संविधानको कार्यान्वयन गरी देशलाई द्रुत विकासको गतिमा अघि बढाउन समाजमा विगतका अनुभव माथी गहन ढंगले राज्य र समाजले लिन जरुरी भइसकेको छ । देशमा स्थिरता, शान्ति सुव्यवस्था भएमा नै विकासले फड्को मार्न सक्दछ । शान्ति स्थापनाको लागि संविधानले व्यवस्था गरे अनुसार सामाजिक न्याय, सद्भाव, एकता एवं मेलमिलापका पक्षहरुमा ख्याल राख्दा आर्थिक समृद्धि, रोजगार, समतामूलक समाजको दिशामा अघि बढ्न आवश्यक छ । विगतका वीरता, बलिदान, त्याग, सौर्य साहसको इतिहासलाई ठीक ढंगले भावी दिनहरुमा जोड्न सकिएमा देशले महान फड्को मार्न सक्ने देखिन्छ ।

समाजमा व्याप्त विभेद, असमानता, विकृति विसंगती कुसंस्कारको विरुद्ध पाइला चालेको पूर्व जनमुक्ति सेनाका समायोजनले शान्ति प्रक्रिया मार्फत् एउटा खुड्किलो थपिएको छ । अवकाशमा रहेका तथा वहिर्गमनमा रहेका पूर्व जनमुक्ति सेनाबारे राज्यले वेवास्ता गऱ्यो र व्यवस्थापनमा ख्याल गर्न सकेन भने यो एउटा भयावह समस्या बन्ने देखिन्छ । हतियार चलाउने दक्ष जनशक्तिको ठीक ठाउंमा सदुपयोग हुन नसकेमा सामाजिक आर्थिक जीवनमा ठूलै चुनौती नबन्ला भन्न सकिदैन । कतिपय सामाजिक क्षेत्रका अपराधिक घटनाहरुले पनि के प्रष्ट पार्दछन् भने देशमा दिगो शान्तिको लागि सामाजिक क्षेत्रमा स्वरोजगार सिर्जना गर्ने, सामाजिक सद्भाव कायम राख्ने, समाजमा रहेका चरम निराशा, हटाएर आशावादीता जगाउने, द्वन्द्वपछिको पुन:स्थापनालाई महत्वका साथ सम्पन्न गर्ने, सामाजिक सचेतना जगाउने, युवाहरुलाई सिर्जनात्मक कार्यमा जागरुक गराउने, सामाजिक विकास निर्माणबाट युवाशक्ति प्रभावित हुन सक्दछ । पुर्व जनमुक्ति सेनामा कतिपय चरम निराशा, अपराधिक कार्यमा संलग्नता, सामाजिक अलगाव र उपेक्षाका कारण जटिलता तर्फ उन्मुख भइरहेका छन् । चन्दा, आतंक, अपहरण, सीमा क्षेत्रमा कतिपय हतियार ओसारपसार संलग्नता रहनुले सामाजिक सुरक्षाका चुनौती पैदा भएका छन् ।

उपरोक्त समस्या समाजमा व्याप्त रहेका छन् । तसर्थ, यस अध्ययनबाट निम्न लिखित समस्याको उत्तर खोज्ने प्रयास गरेको छु ।

(क) पूर्व जनमुक्ति सेनाका सदस्यको सामाजिक आर्थिक अवस्था के छ ?

(ख) दिगो शान्ति निर्माणमा पूर्व जनमुक्ति सेनाका सदस्यको दृष्टिकोण के छ ?

(ग) सेना समायोजन, स्वेच्छिक अवकाश र वहिर्गमन पश्चात सामाजिक प्रभाव के कस्तो रहेको छ ?

(घ) राज्य र समाजले समस्या हल गर्न के भूमिका खेल्न जरुरी छ ?

## १.३ अध्ययनको उद्देश्य

पूर्व जनमुक्ति सेना सदस्यहरुको सामाजिक आर्थिक अवस्था बारे समग्र अध्ययन गर्नु यसको साधारण उद्देश्य रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार छन्:

(क) पूर्व जनमुक्ति सेनाका सदस्यको सामाजिक आर्थिक अवस्थाको पत्ता लगाउनु ।

(ख) समाजमा परेको प्रभाव बारे अध्ययन गरी समाज र राज्यले खेल्नु पर्ने भूमिका बारे अध्ययन गर्न ।

### १.४ अध्ययनको महत्व

नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ । शान्ति प्रक्रियाका महत्वपूर्ण पक्ष सेना समायोजन सम्पन्न भइसकेको छ । द्वन्द्वमा हराएका व्यक्तिहरुको खोजी र छानविनको लागि **वेपत्ता खोजी तथा छानविन आयोग** र द्वन्द्वमा घटेका घटनाहरुको छानविनको लागि **सत्य निरुपण एवं मेलमिलाप आयोग** निर्णय भई कार्य प्रारम्भ भइसकेको छ । वहिर्गमनमा रहेकाहरुलाई राज्यले व्यवस्थापन गर्नको लागि प्याकेज समेत तयार भइरहेको छ । देशमा स्थिरता, सु-शासन एवं समृद्धिको लागि सरकारी क्षेत्रबाट विभिन्न कार्यक्रम बनि रहेका छन् । उर्जाशिल युवा जोस जांगरलाई स्वरोजगार बनाई आत्मनिर्भर समाजको लागि सरकारले विभिन्न पहल गरिरहेको छ ।

नेपालको सेना समायोजन विश्वकै समायोजनको लागि उदाहरण बनि सकेको छ । यसले समाजमा दीर्घकालीन आर्थिक सामाजिक विकासको ढोका खोल्न सक्ने शान्ति र समृद्धिलाई उचाईमा पुऱ्याउने ठूलो संभावना रहेको छ ।

### १.५ अध्ययनको संगठन

यस सोध अध्ययनलाई जम्मा ५ अध्यायमा विभाजन गरिएको र पहिलो अध्यायमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठन उल्लेख गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित साहित्यको अध्ययन अवधारणात्मक ढांचा समावेश गरिएको छ । तेस्रो अध्यायमा अध्ययन विधि अन्तर्गत तथ्यांकको स्रोत, तथ्यांक संकलन विधि, समग्रता तथा नमूना छनौट आदि समावेश गरिएको छ । चौथो अध्याय अन्तर्गत संकलित तथ्यांकहरुको प्रस्तुति तथा विश्लेषण गरिएको छ । पांचौ अध्यायमा सारांश र निष्कर्षहरु प्रस्तुत गरिएको छ ।

## अध्यायः दुई

## सम्बन्धित साहित्यको अध्ययन

### २.१ सैद्धान्तिक अवधारणा

सेना राज्यको मेरुदण्ड हो । जसरी राज्यको खास दर्शन र राजनीति हुन्छ त्यसरी नै सेनाको पनि निश्चित दर्शन राजनीति र सांस्कृतिक आधारमा निर्माण भएको हुन्छ । तसर्थ, त्यस सिद्धान्त मूल्य मान्यतामा आधारित राज्यको वृहत्तर हित रक्षा नै सेनाको एकमात्र उद्देश्य रहेको हुन्छ । जसरी राज्यको कविला राज्य, सामन्ती राज्य, पूंजीवादी राज्य र समाजवादी राज्यको रुपमा इतिहास र वर्तमानमा स्वरुपहरु रहने गरेका छन् : त्यसरी नै सेनाको संरचना एवं स्वरुप पनि कविला, सामन्ती र पूंजीवादी र समाजवादी सिद्धान्तमा आधारित रहने गरेको छ । नेपालको सेना समायोजनको विषयमा छलफल गर्दा स्वभाविक रुपले हिजोको राज्यसंग सामन्ती सिद्धान्त र सामन्ती स्वरुपको सत्ता थियो भने अव लोकतान्त्रिक, संघीय एवं जनताको राज्य निर्माण गर्ने राज्य पुन:संरचना सहितको नयां राज्य व्यवस्था स्थापना गर्नुपर्ने विषयलाई केन्द्रविन्दुमा राख्नुपर्ने हुन्छ । यो भनेको लोकतान्त्रिक र जनताको सेनाका लागि सुरक्षा क्षेत्रको पुन:संरचना गर्दै लोकतान्त्रिक राष्ट्रिय चरित्र एवं समावेसीता भएको नयां राष्ट्रिय सेना निर्माणको प्रक्रिया नै हो (पुन,२०६७) ।

अहिले सेना समायोजनको कुरा उठ्दा नेकपा (माओवादी) नेताहरुले यसलाई निशस्त्रिकरण, सेना वियोजन र पुन:स्थापनाको हिसाबले मात्र होइन सुरक्षा क्षेत्रको सुधार (Security Sector Reform (SSR) को वृहद दायरा भित्र पारेर जिकिर गरेको पाइन्छ । कुरा ठिकै पनि हो तर नेपालमा यस विषय बारे कत्तिको गहिरिएर गृहकार्य हुन्छ तथा पार्टी नेताहरुले यसलाई कसरी व्यवहारमा उतार्छन् हेर्नुपर्ने हुन्छ । DDR र SSR को विषय र यसको अभ्यास एक जटिल र धेरै हदसम्म प्राविधिक विषय समेत भएकाले यस सम्बन्धी विशेषज्ञहरुले नै आफ्नो देशको सामाजिक, आर्थिक, राजनीतिक एवं मानव संसाधन र चारीत्रिक विशिष्टतालाई मध्यनजर गरी तयार पारेको व्यवहारिक प्रारुप र मोडालिटीको आधारमा लागु गर्न सके मात्र यसले सफलता पाउने संभावना हुन्छ (भण्डारी, जेठ २०६९) ।

राजतन्त्रको अन्त्यपछि संविधान सभाको निर्वाचनको क्रममा जनमुक्ति सेना र नेपाली सेनालाई राष्ट्र संघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने समझदारी १२ बुंदेमा गरिनुले जनमुक्ति सेना र नेपाली सेनालाई बराबरी हैसियतमा राखिएको छ । २०६३ कार्तिक २२ को सहमति र वृहत शान्ति संझौतामा माओवादी सेना अस्थाई व्यारेकमा बस्ने दर्ता र प्रमाणीकरण गर्ने, रेखदेख, समायोजन र पुन:स्थापनाका लागि सरकारले विशेष समिति बनाउने यसैगरी नेपाली सेनाको लोकतान्त्रिकरण उपयुक्त संख्याको निर्धारण, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेसी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्य मान्यताद्वारा सेनालाई प्रशिक्षित गर्ने गरी सुरक्षा क्षेत्रको पुन:संरचना (SSR) मा जाने कुरा स्वीकार गरिएको छ ( पुन,२०६७) ।

ठूलो संख्याको अत्यावश्यक स्रोत साधन र तालिमद्वारा सु-सज्जित अनुशासित तथा मोटिभेटेड सेनाको मोडलमा नेपाली सेना अभ्यस्त भइसकेको र माओवादी लडाकुहरुलाई पनि समायोजन गर्न गाह्रो नहुने भएकोले सो अनुसार नेपाली राष्ट्रिय सेनाको विकास हुनु बढि व्यवहारिक देखिन्छ तर जे भएतापनि नेपाली राष्ट्रिय सेनाको संरचनालाई रोजगारी दिने हिसाबले विस्तार नगरी व्यवसायिक सेना बनाउने उद्देश्य सहित रक्षा नीतिको आधारमा एक लाखको संख्या भित्र राख्नु बढि व्यवहारिक हुन्छ । माओवादी लडाकुको समायोजन हुंदा त्यो पहिले गैर राजनीतिक चरित्रमा रुपान्तरण हुनु अनिवार्य हुन्छ । तव मात्र यो अभ्यास राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट दिगो र फलदायी हुन्छ (भण्डारी, २०६९) ।

हाम्रो स्पष्ट भनाइ छ, समायोजन शान्ति संझौताको मुख्य मर्म हो । भाषिक अर्थमा समायोजनको अर्थ जोड्ने हो । दुइटा सेना छन्, तिनलाई कति मात्रामा जोड्ने भनेको हो । समायोजन भनेकै सेनाको स्वीकारोक्ति र दुइटा सेनाको रुपमा जोडेर साझा सेना बनाउने भन्ने हो । दुनिया जहां पनि जुन मोडेल लागु भएका छन्, त्यहां फरक फरक अनुभव छन् । कुनै ठाउंमा दुई सेना जोडेर एउटा सेना बनाइएको छ र भएका सबैलाई जोडिएको छ । मोजाम्बिकमा त्यस्तै गरियो । दक्षिण अफ्रिकामा तीन, चार थरि सेना थिए, तिनको साइज घटाएर समायोजन गरिएको छ । नेपाली सेना र माओवादी सेना दुवै नेपाली जनता र राज्यका सेना हुन् तिनलाई उपयुक्त रुपमा समायोजन गरेर राष्ट्रिय सुरक्षा नीति बनाएर अघि बढौं त्यो नै अहिलेको समाधान हो (भट्टराई, २०६९) ।

## २.२ पूर्व जनमुक्ति सेनाको उदय र विकास

सशस्त्रबलद्वारा राज्य सत्ता कब्जा गर्नु, युद्धद्वारा समास्याको हल गर्नु क्रान्तिको केन्द्रिय काम र सर्वोच्च रुप हो । क्रान्तिको यो मार्क्सवादी लेनिनवादी सिद्धान्त सर्वत्र लागु हुन्छ । तर सिद्धान्त एउटै हुंदाहुंदै पनि जब सर्वहारा वर्गको पार्टीले त्यसलाई व्यवहारमा लागु गर्दछ त्यतिबेला उसले अलग अलग परिस्थिति अनुसार अभिव्यक्तिको अलग अलग तरिका अपनाउंदछ (माओ रचना, २०५०) ।

राज्य सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ (माओ रचना, २०५०) ।

नेपालमा कम्युनिष्ट राज्यसत्ता स्थापना गर्न सशस्त्र शक्तिको बलबाट मात्रै संभव हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गरी ने.क.पा. (माओवादी) ले नयां जनवादी क्रान्ति, गाउंले शहर घेर्ने दीर्घकालीन जनयुद्धको सिद्धान्त बोकेर २०५१ चैत्र (२-४) गते ऐतिहासकि तेस्रो विस्तारित बैठक बस्यो । (प्रचण्ड, २०६५) त्यस्तै २०४८ सालमा एकता महाधिवेशनबाटै दीर्घकालीन जनयुद्धको सिद्धान्त गाउंले शहर घेर्ने रणनीति, ग्रामिण वर्ग संघर्षका योजनाहरु बनेका थिए । २०५०/५१ देखी योङ्ग कम्युनिष्ट लिग (YCL) गठन गरी स्थानीय रुपमा लडाकु फौज बनाउने,

वर्ग संघर्षमा स्थानीय गुण्डा, जाली फटाहा विरोधी आन्दोलन विशेषत रोल्पा, रुकुम, गोरखा, कपिलवस्तु लगायतका जिल्लाहरुमा भइरहेका थिए । स्थानीय कार्यकर्ताहरुलाई प्रशासनले पक्रने, मार्नेसम्म गरेका थिए । जसले जनयुद्ध सुरु गर्ने वातावरण बनाई रहेको थियो (प्रचण्ड, २०६५) ।

तेस्रो विस्तारित बैठकबाटै जिल्ला सैनिक आयोग मार्फत् लडाकुदल परिचालन गर्ने, एरियाले सुरक्षा बल र पार्टी सेलले स्वयंसेवक दल गठन गर्ने लडाकुदलमा राजनीतिक आयुक्त र दलनेता डबल नायक प्रणाली, सुरक्षा दल र स्वयंसेवकमा एक मात्र नायक हुने निर्णय थियो । लडाकु दलको गठन, काम र प्रशिक्षण क्रमश: प्लाटुन, कम्पनी हुंदै नियमित सेनाको रुपमा अघि बढ्ने निर्णय गरियो । अत: सेना निर्माणको महत्वपूर्ण काम यसै बैठकले गरेको थियो । २०५२ को आषाढमा बसेको केन्द्रिय समितिको बैठकले जनयुद्धको प्रथम योजना निर्माण गऱ्यो । यसले प्रहरी चौकी माथी आक्रमणको योजना बनाई २०५२ फागुन १ गते रोल्पाको होलेरी, रुकुमको राडी र सिन्धुलीको सिन्धुलीगढी चौकी लगायत देशभर ७ हजार कारबाही भए । २०५३ असारमा बसेको केन्द्रिय समितिके बैठकले लडाकु दलबाट छनौट गरी ११-१५ जनाको प्लाटुन स्तरको संगठन बनाउने निर्णय गऱ्यो । गुरिल्ला कारबाही, सेवोटेज प्रचारात्मक कारबाही, वर्ग दुश्मन विरुद्ध गरिने कारवाही जस्ता कारबाहीको योजना बनाई मुख्य इलाका, सहायक र प्रचार इलाकाहरुमा विभाजन गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा जनयुद्धको प्रभाव पुऱ्याउन सफल भयो । रोल्पा, रुकुम, जाजरकोटमा ९ वटा प्लाटुन गठन गरिए पछि स्क्वायडको संरचना बनाई प्लाटुन विघटन गरिए । यस योजनामा रुकुम-तकसेरा, घुम्लीवाड, क्युवाङ एम्बुस, र डोल्पा-त्रिवेणी, प्युठान-लुङ, रामेछाप-वेथान, गोरखा-जौवारी प्रहरी चौकी माथी रेडहरु सम्पन्न भए (चलाउने, २०६६) ।

२०५४ असार-०५५ भाद्रसम्म रोल्पाको निम्रि एम्बुस, गोरखा हुण्डिखोला, कालिकोट विथलडांडा प्रतिरोध, दशरथपुर सुर्खेत साना किसान बैंक, कालिकाटार कमाण्डो तनहुं गल्लु जाजरकोट एम्बुस, मिथिलेश्वर चौकी धनुषा रेड, मकवानपुरका नेपाल बैंक र कृषि विकास बैंक कव्जा गरिए । २०५५ कार्तिक देखी २०५६ साउनसम्म आधार इलाका निर्माणको लागि STF गठन गरी देशभर १५ वटा प्रहरी चौकी कव्जा गरिए । ०५७ बैशाख देखि माघसम्म राप्ती उपक्षेत्रमा स्थाई कम्पनी र भेरि कर्णालीमा अस्थाई कम्पनी निर्माण गरिए भने मध्य र पूर्व कमाण्डमा प्लाटुन विस्तार गरिए । २०५८ भाद्र १६-१८ मा रोल्पाको कुरेलीमा राष्ट्रिय भेला गरी जनमुक्ति सेना नेपाल (PLA Nepal) घोषणा गरियो । २०५८ मंसिर ८ गते घोराही, स्याङ्जा र १० मंसिरमा सोलुखुम्बु कव्जा भयो । यी कारवाही रणनीतिक सन्तुलनको चरणमा शाही सेनाका विभिन्न क्याम्प सहित अढाई दर्जन सशस्त्र र जनपद प्रहरी चौकी कव्जा गरिए (चलाउने, २०६६) ।

२०५९ श्रावण २०६० बैशाख सम्मका योजनामा गण्डकीदेखि पश्चिम महाकालीसम्म पश्चिम केन्द्रिय कमाण्ड, उपत्यका, पूर्वाञ्चल र प्रवास गरी कमाण्ड बनाइए । यस अवधिमा २०५९ असारमा पश्चिम कमाण्डमा १ ब्रिगेड संरचना बन्यो र अर्घाखांची सदरमुकाम सन्धिखर्च देखि जुम्ला सदरमुकाम सम्मको ठूला आक्रमण भए । २०६० को असारमा पूर्वमा क.अनन्त र पश्चिममा क.पासाङको कमाण्डमा १/१ डिभिजन गठन भए । ०६० जेठ ०६१ साउनसम्म भोजपुर-वेनीसम्म देशभर ५ दर्जन फौजी कारबाही भएका थिए । २०६१ को भाद्रमा ३ डिभिजन गठन गरिए । **रणनैतिक प्रत्याक्रमणको** चरणका योजनाहरु ०६१ भाद्रदेखि ०६२ भाद्रसम्म गमगढी, पिली, कृष्णभिर, खारा लगायत देशभर ७ दर्जन फौजी कारवाही भएका थिए । २०६२ असोजदेखि ०६३ बैशाखसम्म देशभर ७ वटा डिभिजन गठन भए । क. पासाङको कमाण्डमा **जनसैन्य प्रतिष्ठान** गठन भयो । २९ वटा व्रिगेड संरचना गठन भएका थिए । यस अवधिमा तानसेन, उदयपुर, धनकुटा, बुटवल र तौलिहवासम्मका ३ दर्जन फौजी कारवाही भएका थिए । ०६२ मंसिर ७ गते भएको १२ बुंदे सहमति अनुसार देशव्यापी गणतन्त्रको पक्षमा आन्दोलन भयो । २०६३ जेठ १२ गते सरकार र माओवादी बीच **युद्धविराम** आचारसंहितामा हस्ताक्षर गऱ्यो । ०६३ मंसिर ५ गते नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच वृहद शान्ति संभौता सम्पन्न भयो र उक्त दिनदेखि नै जनमुक्ति सेना देशका विभिन्न २८ स्थानहरुमा ७ मुख्य शिविर र २१ सहायक शिविरहरुमा बसि २०६३ माघ ९ गते राष्ट्र संघिय मिसन UNMIN ले हतियार तथा सेनाको दर्ता प्रक्रिया शुरुवात गऱ्यो ( एसिया रिपोर्ट, २०११) ।

सहमतिमा उल्लेख भए अनुसार जनमुक्ति सेनाका विभिन्न ३४२८ हतियार र सोही संख्यामा नेपाली सेनाका हतियार UNMIN को निरीक्षणमा भण्डारण गरिए । सुरुको दर्ता प्रक्रियामा ३२५२० जनसेना सहभागी भएका थिए भने १९६०२ प्रमाणित भए भने अप्रमाणित मध्ये २१७३ कम उमेरका र १०३५ जेठ १२, २०६३ पछि भर्ना भएका थिए (सर्भे रिपोर्ट, २०१३) ।

### २.३ समायोजनको एतिहासिक पक्ष:

ने.क.पा. (माओवादी) को जनयुद्ध यस क्रममा निर्माण भएको जनमुक्ति सेना र यसको प्रहरी, सशस्त्र प्रहरी हुँदै शाही सेनासंगको युद्ध र एकले अर्कालाई पराजित गर्न नसकेको सन्दर्भमा ज्ञानेन्द्र शाहद्वारा गरिएको माघ १९ को कू र यसको पृष्ठभूमिमा भएको ऐतिहासिक १२ बुंदे सहमतिबाट सेना समायोजनको औपचारिक प्रारम्भ भएको हो ।

निरंकुस राजतन्त्रको अन्त्यपछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्रशक्ति र शाही सेनालाई संयुक्त राष्ट्र संघको भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षमा राख्ने (१२ बुंदे सहमति, २०६२ मंसिर) ।

(क) माओवादी सेनाका लडाकुहरु अस्थायी शिविरमा बसिसकेपछि उनीहरुको राशन पानी लगायत अन्य व्यवस्था नेपाल सरकारले गर्ने ।

(ख) माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुन:स्थापनाका निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

(ग) नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यस अन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेसी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरु गर्ने (२०६३ कार्तिक २२ को सहमति) ।

(घ) मन्त्रिपरिषद्ले राजनीतिक सहमति र व्यवस्थापिका संसदको सम्बन्धित समितिको सुझाव लिई नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेसी चरित्र निर्माण गरी लोकतन्त्र र मानव अधिकारको मुल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने काम गरिने छ ।

(च) माओवादी सेनाका लडाकुहरुको रेखदेख समायोजन र पुन:स्थापनाका निम्ति मन्त्रिपरिषद्ले विशेष समिति बनाउने छ र त्यस्तो समितिको काम कर्तव्य र अधिकार मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ (अन्तरिम संविधान २०६३) ।

अस्थायी शिविर साइटमा रीतपूर्वक दर्ता भएका माओवादी सेनाका लडाकुहरु मात्रै स्तरीय मान्यताहरु (Standard Norms) पुरा गरी सुरक्षा फौजमा गरिने संभावित समायोजनका लागि योग्य हुनेछन् । विशेष समितिले सुरक्षा फौजमा समायोजन हुनका लागि योग्य व्यक्तिहरुको निर्धारण गर्नेछ । यो समायोजनको प्रक्रियाको निर्धारण पक्षहरुबीच हुने भावी संझौताबाट हुनेछ (हतियार र सेना व्यवस्थापनको अनुगमन संझौता २०६३ मंसिर) ।

## २.४ सेना समायोजनका अन्तर्राष्ट्रिय अनुभवहरु

केही मुख्य देशहरुले अपनाएका सफलता, आंशिक सफलता तथा असफलताका विधिहरुलाई यहां चर्चा गरिएका छन् ।

### २.४.१ सफल देशहरु

## ❖ दक्षिण अफ्रिका

दक्षिण अफ्रिकामा डिसेम्बर १९९१ मा शान्तिवार्ता शुरु भएर विभिन्न श्रृंखलाबाट १९९३ मा अन्तरिम संविधान निर्माण भएको थियो । समायोजन प्रक्रियामा सरकारी सेना South African Defence Force (SADF) को ९०,००० Umkhonto we Sizwe (MK) ३२,०००, Azanian Peoples Liberation Army (APLA) का ६,००० र १०,००० होमल्याण्ड आर्मी (The Transkei Defence Force (TDF), Ciskei Defence Force (CDF), The Venda Defence Force (VDF), The Bophuthatswana Defence Force (BDF) र १९९६ मा २,००० को संख्यामा Kwazulu Natel आधारित Inkhatha Freedom Party का सेनाहरु सहभागी भएका थिए ।

सन् १९७० र १९८० को दशकमा SADF को ९० हजार सेना र दक्षिण अफ्रिकी प्रहरी (South African Police, SAP) को सहयोगमा श्वेत शासनको पक्षमा भीषण लडाई भएको थियो । रंगभेदी श्वेत शासनलाई त्रान्केह, भेन्डा, बोट्स्वाना र सिसकेहका १० हजार “होमल्याण्ड्स” सेनाको समर्थन थियो । यस क्रममा पांच सशस्त्र समूहले वार्ता गरेका थिए । यसबाट दक्षिण अफ्रिकी राष्ट्रिय सुरक्षा फौज (South African National Defence Force, SANDF) निर्माण गर्ने सहमति भयो । १९९४ मा सेना सेना समायोजन र रुपान्तरण प्रक्रिया शुरु भइसकेको थियो । १९९४ अप्रिल र मे महिनामा SANDF लाई शक्ति हस्तान्तरण थालनी भएपछि सशस्त्र शक्तिलाई हेर्न एक उपपरिषद्को स्थापना गरियो । योजना प्रक्रिया व्यवस्थित गर्न योजना र कर्मचारीको जिम्मेवारी सम्बन्धी संयुक्त समन्वय परिषद् (Joint Military Coordination Council, JMCC) लाई दिइयो । संविधान सभा मार्फत् संविधान निर्माण र जारी गरियो भने संगसंगै सैनिक क्षेत्रको पुन: संरचना र व्यवसायिकीकरण काम सम्पन्न भयो । सेना समायोजन प्रक्रियालाई सघाउन र SANDF को निर्माण गर्न मध्यस्थकर्ताका रुपमा बेलायती सशस्त्र बललाई बोलाइयो । सन् १९९४ को संक्रमणपछि Africa National Congress (ANC) का नेताहरुले नयां रक्षा मन्त्रालयमा महत्वपूर्ण पद पाए र नयां रक्षा सचिवालयले नागरिक नियन्त्रणको व्यवस्था गऱ्यो । SANDF को पुन:संरचना र राष्ट्रिय सुरक्षाबारे प्रमुख जनरल जर्ज मियरिङ्ग र रक्षामन्त्री जो मोडाइज र सहायक रक्षामन्त्री रोन्नि कास्रिल्ससंग विवादको स्थिति बन्यो । उक्त विवादलाई पूर्व MK र परिवर्तनका पक्षधर पूर्व दक्षिण अफ्रिकी सुरक्षा बलका अधिकृतहरुको पहलमा समाधान गरियो । १९९६ को राष्ट्रिय सुरक्षा र वृहत्तर प्रतिरक्षा पुनरावलोकन सम्बन्धी सरकारी प्रतिवेदनले सेनालाई पुन:संरचना, समायोजन एवं शान्तिको लाभको स्पष्ट रेखा चित्र दियो (पुन, २०६७) ।

१९९४ देखि १९९८ सम्म सेना समायोज प्रक्रिया अघि बढ्यो । पूर्व MK का अधिकृतहरु बेलायतमा वृहत्तर तालिममा सहभागी भएका थिए । १९९८ मा तालिम सकेका नौ जना जनरल सहित MK का अधिकृतहरुलाई SANDF को महत्वपूर्ण पदमा बढुवा गरियो, जसले नयां सेनामा शक्ति सन्तुलन सहितको परिवर्तन ल्यायो र समायोजन प्रक्रिया व्यापक र तीव्र

गतिमा अघि बढ्यो । समायोजन प्रक्रियामा सहभागी १ लाख ३० बजारबाट निर्मित SANDF ९०,००० फोर्सबाट ५७,००० को आकारमा ल्याउंदा पनि यसको प्रभावकारितामा कमी आएन । यसरी समायोजन प्रक्रियामा MK का सेनाहरु धेरैजसो स्थल सेनामा र सानो संख्यामा जल र वायु सेनामा पनि सहभागी भएका थिए । सन् १९९४ अप्रिलको अन्तरिम संविधानले नयां र एकीकृत दक्षिण अफ्रिकी प्रहरी सेवा (South African Police Service, SAPS) स्थापना गर्ने व्यवस्था गऱ्यो । १ लाख ४० हजार संख्याको नयां प्रहरी निर्माण गरियो, जसमा MK का सदस्य पनि आउने र उच्च ओहोदामा रहने व्यवस्था गरियो ।यसरी दक्षिण अफ्रिकामा देशको लामो रंगभेदी शासनको अन्त्य पश्चात गठित नेल्सन मण्डेला नेतृत्वको सरकारको सर्वप्रथम राष्ट्रिय मेलमिलाप तथा एकताका नीति अनुरुप राष्ट्रिय सुरक्षा नीति तय गऱ्यो । यसै नीति अनुसार प्रतिरक्षा नीतिको पुनरावलोकन गरियो र सेना तथा पूर्व MK को समायोजन एवं पुनःसंरचना गरियो । अन्य व्यवसायिक र समावेसी सेना निर्माणका लागि गोरा र विद्रोही सेनाको एकीकरणका लागि स्वीकृत अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न तालिमको व्यवस्था गरिएको थियो । यसले गर्दा नयां सेनामा नयां संस्कृतिाके विकास भयो । ठूलो सेनालाई उपयुक्त आकारमा ल्याउन दीर्घकालीन रणनीति बनाइयो भने एकीकरणको निष्पक्षता सुनिश्चितताका लागि राष्ट्रिय सेना, रक्षा मन्त्रालय, संसदीय प्रतिरक्षा समितिका पदाधिकारीहरु सदस्य रहेको संसदीय एकीकरण सुपरिवेक्षण समिति निर्माण गरियो । यसरी दक्षिण अफ्रिकालाई सेना समायोजनको पछिल्लो सफल उदाहरणहरु मध्ये एकमा लिने गरिन्छ (पुन, २०६७) ।

- **अल्वानियाले** डीडीआर प्रक्रिया अपनाई **"विकासका लागि हातहतियार संकलन"** (१९९७-२००२) महिलालाई केन्द्रविन्दुमा राखेर तालिम कार्यक्रम संचालन गऱ्यो, जसले उनीहरुलाई हतियार ल्याई आर्थिक सहायताका लागि उक्साइयो । तसर्थ महिलाले नै धेरै पूर्व लडाकु पुरुषहरुलाई सम्झाई बुझाई हतियार दर्ता गराई त्यसवापतको पुरस्कार रकम लिई आर्थिक प्रगति गरे । यस कार्यक्रमहरुबाट महिलाहरु आफ्नो हक, अधिकारका लागि आफै चनाखो बनेका छन् (पाठक, २०६६) ।

- मे. १९९१ मा **अङ्गोला** सरकार युनिटका बीच भएको सम्झौता अनुसार समायोजन कार्यक्रम अगाडि वढ्यो । समायोजनमा तानिएका जम्मा १० हजार मध्ये ६ हजार हवाईसेना र ४ हजार जलसेनामा समायोजन गरियो । सन् १९९२ को आम निर्वाचनमा धांधली भएको भन्दै युनिटाले परिणामलाई अस्वीकार गरेपछि पुनः युद्ध भड्कियो । फेव्रुअरी २००२ मा युनिटाका नेता जोनास समिम्वीको मृत्युपछि पुनः शान्ति प्रक्रिया दर्ता गरेता पनि पटक पटक गरेर जम्मा ३० हजार ६ सय पूर्व छापामारलाई सेनामा समायोजन गरियो सन् २००८ को अन्त्यसम्ममा १४५ परियोजनाहरुबाट ७५ हजार ६

सय ६९ (लक्षित कार्यक्रमको ४५ प्रतिशत) लाई अन्य क्षेत्रमा समायोजन गरिया (पाठक, २०६६) ।

- **आचे इण्डोनेसियाको** झण्डै तीन दशक लामो "स्वतन्त्र आचे आन्दोलन (गाम)" जव सकियो अगष्ट २००५ मा दुवै तर्फबाट "हेलसेन्की मेमोरन्ड्याम अफ अन्डरइस्टान्डीङ" सम्झौतामा हस्ताक्षर गरी स्वायत्तता राज्य स्वीकार गऱ्यो । स्वतन्त्रता आचे आन्दोलनमा सक्रिय ३,२०४ सशस्त्रदस्ताहरुले भने यो समझदारी हुनुभन्दा अगाडि नै आत्मसमर्पण गरेका थिए । जसमा ३,००० गाम लडाकुहरु तथा ६,५०० सरकार समर्थित मिलिसियालाई जुन २००६ मा नि:शस्त्रीकरण गरियो, जसमा ४ प्रतिशत भन्दा कम महिलाहरु थिए । त्यसका साथै मिसनले ८४० हातहतियार पनि सशस्त्र लडाकुहरुको समायोजनको कार्यक्रम सन् २००९ अन्तसम्म भयो (पाठक, २०६६) ।

- मार्च २००७ **आईभरीकोष्टमा** सरकार र विद्रोही पक्षवीच सवै सेना मिसाएर राष्ट्रिय सेना निर्माण गर्ने शर्तमा सम्झौता भयो । सेना निर्माण गर्ने शर्तमा सम्झौता भयो । तर अन्तर्राष्ट्रिय संघ/संस्थाहरुले प्रतिवद्धताको ४० प्रतिशत मात्र आर्थिक सहयोग उपलव्ध गराईएको हुनाले अपरिचालित कार्यक्रम जनवरीबाट मे २००८ सम्म लम्वियो । सेनामा समायोजित हुन नचाहने पुर्व लडाकुहरुलाई प्रतिव्यक्ति झण्डै रु.२२ हजार उपलव्ध गराइएको थियो भने १० हजारलाई सेनामा समायोजित गरियो २६ हजारलाई राष्ट्रिय नागरिक सेवामा (पाठक, २०६६) ।

- **लाईवेरियाका** १ लाख ३ हजार १८ पुर्वलाडाकुहरुमा २२ प्रतिशत महिलाहरु र ११ प्रतिशत बालसेनालाई नि:शस्त्रीकरण र अपरिचालन गऱ्यो । सन् २००८ को अन्त्य सम्ममा ९० हजारलाई समायोजन गरियो । **सियारालियोनले** सन् २००० मा डीडीआर प्रक्रिया सुरु गरी जनवरी २००४ सम्ममा ७१ हजार पूर्वलडाकुहरुलाई नि:शस्त्रीकरण गरियो । त्यसै गरी ३२ हजार हतियारहरु जम्मा भए । तर पनि ५६ हजार ७ सय पूर्व लगडाकुहरुले मात्र पुन: समायोजन कार्यक्रममा लागि आफ्नो नाम दर्ता गराए । ५१ हजार १ सय १२ अर्थात ७२ प्रतिशतले शिक्षा, कृषि तथा अन्य क्षेत्रको समायोजनका लागि तालिम लिए । तालिम नलिएका लडाकुहरुलाई आफ्नो जीवन निर्वाह का लागि भनेर केही रकम उपलव्ध गराईयो । तर पनि ठूलो संख्यामा पुरुष लडाकुहरु नागरिक जीवनमा समायोजन गरिएता पनि गरिवीले उनीहरुका परिवारहरु सताइएका छन् (पाठक, २०६६) ।

२.४.२ <u>आंशिक सफल देशहरु</u>

- **बुरुन्डीले** सन् २००८ को अन्त्यसम्ममा २ लाख २४ हजार ५ सयमा ७८ हजार पुर्वलडाकुहरु ४१ हजार सुरक्षाबल र सशस्त्र विरोधी समुहका १५ हजार ५ सय लडाकुहरुलाई नि:शस्त्र पारियो, जसमा बालसेनाको संख्या ८ हजारभन्दा वढी थियो । जुन २००५- डिसेम्बर २००६ सम्मको अवधिमा जम्मा ५ सय ४३ लाई मात्र रोजगारी उपलब्ध गराईयो । त्सयै गरी ५ हजार ४ सय १२ ले आर्थिक सहायता पाए । स्मरणीय के छ भने वित्तीय अड्चनका कारण सम्झौतामा हस्ताक्षर भएको चार वर्षपछि मात्र डीडीआर प्रक्रिया सुरु भयो (पाठक, २०६६) ।

- **मध्य अफ्रिकी गणतन्त्रले** सन् २००३ मा वनगुई राजनीतिक सम्झौता भयो, जसको लक्ष्य ४२ हजार पुर्व लडाकुहरु र तिनीहरुका परिवारहरुलाई अपरिचालित गराउनु थियो । यद्यपि, ४० लाख जनताहरुले डीडीआर योजनामा इच्छा देखाएकाले वित्तिय संकट उत्पन्न भयो । अन्त्यमा ५ हजार ५ सय ७६ जना पुर्वलडाकुहरुलाई अपरिचालित गरी समायोजन गऱ्यो (पाठक, २०६६) ।

- **इरिट्रिया** सन् १९९३ मा स्वतन्त्र भए पछि इथियोपियासंगको ३९० किलोमिटरको साझा सीमाका कारण सशस्त्र द्वन्दमा फस्यो । डिसेम्वर २००० मा अल्जेरियामा भएको सम्झौतालाई पछ्याउदै डिसेम्वर २००६ को अन्त्यसम्ममा ३ लाखलाई नि:शस्त्र पारियो जसमा २ लाख (५८ प्रतिशत) पुर्वलडाकुहरुलई अपरिचालित गरियो । तर यी मध्ये पनि १६ प्रतिशत अपाङ्ग त १३ प्रतिशतमा मनौवैज्ञानिक समस्या देखिएको थियो । अक्टोवर २००७ सम्ममा ८३ हजार ८ सय ६३ समायोजनको लक्ष्य लिएकोमा ४४ हजार ४ सय ३२ मात्र समायोजित भए । तर इरिट्रिया र इथियोपिया वीचमा भएको तनावले डीडीआर निलम्वित भयो (पाठक, २०६६) ।

- दुई दशक लामो गृहयुद्धबाट पिडित **मोजाम्विकले** सन् १९९२ सम्झौता गरी डिडिआर कार्यक्रम संचालन गऱ्यो । सन् १९९४ सम्ममा १ लाख १० हजार पूर्वलडाकुहरु नि:शस्त्रीकरण तथा अपरिचालित भए । ३० हजार लडाकुहरुलाई राष्ट्रिय सेनामा समायोजन गर्नको लागि राष्ट्रिय समायोजन समिति स्थापना गरियो । दाता राष्ट्रहरुले आफूले प्रतिवद्धता जनाए अनुरुपको आर्थिक सहयोग उपलव्ध नगर्दा र गृह युद्धले तहस नहस भएको मोजाम्बिकको अर्थतन्त्रले ठूलो संख्यामा लडाकुहरुलाई व्यवसायिक तालिम संचालन खर्च धान्न सकेन । तसर्थ, ठूलो संख्याका लडाकुहरुलाई कृषिमा समायोजन गर्ने प्रयास गरियो । जसको कारणले डिडीआर

कार्यक्रम विफल भएपनि वास्तवमा दक्षिण अफ्रिकाको सिको गर्दै अन्य लडाकुहरु पनि आफै विस्तारै निष्क्रिय भए (पाठक, २०६६) ।

## २.४.३ असफल देशहरु

- **अफगानिस्तामा** जापान, अमेरिका, जर्मन, इटाली र संयुक्त अधिराज्य निम्न लिखित योजनाहरुलाई लागु गर्न सहमत भए ।
  - (१) अफगान सैनिकवललाई समायोजन गर्ने
  - (२) अफगान राष्ट्रिय सेना निर्माण गर्ने
  - (३) अफगान राष्ट्रिय प्रहरीलाई आधुनिकीकरण गर्ने
  - (४) न्यायिक प्रणालीमा सुधार ल्याउने
  - (५) लागुपदार्थ दुर्व्यसनको विरुद्ध विषयलाई सम्बोधन गर्ने ।

- जुलाई १, २००३ मा अफगान सरकारले ९० हजार लडाकु (दस्ता) लाई नि:शस्त्रीकरण गरी तिनीहरुलाइ नागरिक जीवनमा समायेजन गर्नको लागि डीडीआर कार्यक्रम स्थापना गऱ्यो । जुलाई ३१, २००५ मा क्यानेडियन सरकारको नेतृत्वमा ५० हजार (५५।५० प्रतिशत) पूर्व छापामारहरुलाई नियन्त्रणमा लिई नागरिक जीवनमा समायोजन प्रयास गऱ्यो तर बजेटको अभावमा अपरिचालित दस्ताहरु पुन: सशस्त्र द्वन्द मै संलग्न भए ( पाठक, २०६६) ।

- लोकतान्त्रिक **गणतान्त्रिक कंगोले** सन् २००३ डिसेम्बरमा सरकार र विपक्षी दलका वीचमा राजनीति सम्झौतामा हस्ताक्षर भए अनुसार सेप्टेम्बर २००७ मा २७ हजार ३ सय ४६ पूर्व लडाकुहरु सहित १२ हजार (४४ प्रतिशत) बालसेनालाई अपरिचालित गराइयो तर हुतुका माई माई मिलिसियाका सन्दर्भमा भने सफल हुन सकेन । अक्टोवर २६, २००८ मा **"शान्ति सम्झौता"** असफल भयो, जव विद्रोहीले राष्ट्रसंघको मुख्यालयमा समेत सरकारको पक्ष दिएको भन्दै आक्रमण सुरु गरे ।

- १ लाख ७० हजार साना तथा मझौला हतियार नागरिकका नाममा दर्ता रहेका तथा ३० हजार राज्यसंग रहेको **हाइटीमा** सन् २००४-२००९ सम्मका लागि शान्ति सम्झौता नगरी डीडीआर कार्यक्रम संचालित गर्ने निर्णय गरियो । यो निर्णय कार्यान्वयनको सुरुमै फेव्रुअरी २००४ मा राष्ट्रपति जीन–वरट्राण्ड यरिस्टाडा सशस्त्र समुहहरुको दवावमा देश छाड्न बाध्य भए । सन् २००७ को अन्त्य सम्ममा सरकारले ५ सय सशस्त्र दस्तालाई मात्र नि:शस्त्रीकरण गऱ्यो (पाठक, २०६६) ।

❖ **रुवान्डामा** जम्मा ८५ हजार २ सय ६३ मध्ये, ३८ हजार ७ सय ७२ लाई पुनस्थापित र अन्य हाल समायोजन भएका छन् । जातीय आमनरसंहारमा संलग्न ५५ हजार कैदीहरुलाई जेलमा राखेर सजाय दिने भन्दापनि संक्रमणकालिन न्यायिक प्रणाली अन्तर्गत सामुदायिक सेवाका लागि खटाइयो ।

❖ सन् १९९० को दशकमा हिंसात्मक द्वन्दकै कारण असफल राष्ट्रको रुपमा चिनिएको **सोमालियामा** मौगादेसुको शासनको पतनसंगै सन् २००६ मा नि:शस्त्रीकरण, अपरिचालन तथा समायोजन प्रकृया अगाडी बढ्यो । राष्ट्रभरिमा नै ५० देखि २ लाख मिलिसियाहरुको अनुमानित संख्यामा १६ हजारलाई नि:शस्त्रीकरण गर्ने वित्तिकै हिंसा भड्केर दोश्रो सशस्त्र द्वन्द्व सुरु भयो, जसको कारणले डीडआरको प्रक्रियानै अवरुद्ध हुन पुग्यो ।

❖ एक दशक लामो सशस्त्र द्वन्दले पिल्सिएको **नामिवियाले** सन् १९९० को दशकमा ५९ हजार पूर्व लडाकुहरुलाई नि:शस्त्र पार्‍यो । तर उनीहरुसंग समायोजनको कुनै पनि कार्यक्रम थिएनन् । नि:शस्त्रीकरण र अपरिचालन पूर्व लडाकुहरुले सार्वजनिक रुपमा नै सरकारको आलोजना गरेको हुनाले आर्थिक सहयोगको कार्यक्रम ल्याउन सरकारलाई वाध्य परियो । त्यसपछि उक्त लडाकुहरुलाई विकास बाहिनी (विकास निर्माणका लागि सेना) खडा गरिएतापनि आर्थिक कार्यक्रमले सबैलाई समेट्न नसकेको कारण समायोजन प्रकृया असफल हुन पुग्यो (पाठक, २०६६) ।

❖ दक्षिण अफ्रिकी विकास संयोजन समुदाय तथा राष्ट्रमण्डलका सरकार प्रमुखहरुको दवावमा **जिम्बाबेको** गृहयुद्ध अन्त्य गरी २६,००० पुर्व लडाकुहरुलाई नि:शस्त्रीकरण तथा अपरिचालन गरी नागरिक जीवनमा समायोजनको प्रक्रिया अगाडि वढाइयो । पूर्वलडाकुहरुले दुई वर्षसम्म आर्थिक सहयोग पाईरहे तरपनि पुंजीवादी अर्थतन्त्रले सामाजिक समुन्नत कार्यक्रमलाई प्रभाव पार्‍यो, जसको कारणले लडाकुहरुका लागि लामोसमयसम्म आवश्यक तालिम तथा अन्य कार्यक्रम संचालन गर्न सकेन । पुंजिवादी अर्थतन्त्रकै कारण सन् १९९३ मा पुग्दा देशमा २५,००० पुर्व लडाकुहरु वेरोजगार हुन पुगे जसको कारणले राजनीति प्रक्रियामा झन् संकट आईपुग्यो । हालैका वर्षहरुमा डीडीआर प्रक्रिया स्थगित भइसकेकोले नयां मिलिसियाहरुको जन्म भईरहेको छ (पाठक, २०६६) ।

## २.५ समायोजनका आधारभूत सिद्धान्तहरु

सशस्त्र द्वन्द्वपछिको अवस्थामा लडाकु सेना र पुरानो सेनालाई कसरी समायोजन गर्ने भन्ने खास बनिबनाउ सिद्धान्त नै नभएपनि संयुक्त राष्ट्र संघले विभिन्न देशका शान्ति स्थापनामा प्रयोग गरेका २ वटा सिद्धान्त रहेका छन् ।

### (क) निःशस्त्रिकरण, अपरिचलन र पुनःस्थापना

(Disarmament, Demobilization and Reintegration)

DDR को प्रक्रिया द्वन्द्वपछिको अवस्थामा सुरक्षा, शान्ति, स्थायित्व र विकासको लागि सुरु गरिन्छ । यसका राजनीतिक, सैनिक, सुरक्षा मानवीय तथा सामाजिक आर्थिक विषयहरुको जटिल पक्षहरु रहन्छन् । यसको उद्देश्य द्वन्द्वपछिको संक्रमणकालमा पूर्व लडाकुहरुको सुरक्षा र विकास बारे व्यवस्थापन गर्नुपर्ने हुन्छ । विद्रोहीको साथबाट हतियार अलग गरी उनीहरुलाई सामाजिक आर्थिक रुपले सक्षम बनाई शान्ति प्रक्रियामा सहभागी गराइन्छ । राज्यको दिगो शान्ति सुरक्षा र विकासको लागि DDR को महत्व छ ।

निःशस्त्रिकरण (Disarmament): साना हतियार गोली, बारुद, विष्फोटक पदार्थ हल्का वा गह्रौ हतियारहरु विद्रोही वा समाजमा रहेका संकलन गरी नियन्त्रणमा लिएर व्यवस्थापन गरिन्छ । यसमा हतियार व्यवस्थापन योजना समावेश गरिन्छ ।

अपरिचलन (Demobilization): सशस्त्र शक्ति वा ग्रुपबाट लडाकुलाई छुट्टाइने प्रकृया हुन्छ । सुरुको चरणमा लडाकुलाई विभिन्न क्याम्पमा वा व्यारेक लगायतका स्थानमा केहि समयका लागि राखिएको हुन्छ । त्यसपछि उनीहरुलाई राज्यको तर्फबाट आर्थिक, सामाजिक प्याकेज योजनाको व्यवस्था गरिन्छ ।

पुनःस्थापना (Reintegration): यस प्रक्रियामा लडाकुहरुले दिगो रोजगारका स्रोतबाट लाभांवित भई स्थानीय समुदायमा फर्किसकेका हुन्छन् । उनीहरु देशको विकास र राष्ट्रिय उत्तरदायित्वमा समावेश भइसकेका हुन्छन्, उनीहरुलाई दीर्घकालीन बाह्य सहयोगको आवश्यकता जरुरी हुन्छ (महासचिव महासभा A/C 5/5/3/1 May 2005)।

### (ख) सुरक्षा क्षेत्र सुधार (Security Sector Reform)

SSR को अवधारणा १९९० पछिको दशकमा युरोपियत युनियन लगायत पश्चिमा अति विकसित राष्ट्रहरुको पहलमा विकास भएको हो । यो अवधारणाको विकास र यसको अभ्यासमा अझैपनि परिपक्कता भने आइसकेको छैन । यस अवधारणा अनुसार यसको उद्देश्य कुनैपनि देशको विकास गरिवी न्यूनिकरण, असल शासन र विशेषत: नियम कानुनमा आधारित लोकतान्त्रिक राज्य र संस्थाहरुको विकास गर्नु हो भने यसको लागि आवश्यक पर्ने सुरक्षित

वातावरणको सिर्जना गरी माना सुरक्षाको पूर्ण ग्यारेन्टी गर्नु यसको मूल मर्म हो (भण्डारी, २०५९) ।

## २.६ सेना समायोजनको नेपाली मोडेल

नेपाली सेना समायोजन माथि उल्लेखित दुबै सिद्धान्त मध्ये हुवहु मोडलमा भएको पाइदैन । DDR पूर्ण रुपले पनि लागु भएको छैन भने SSR को Modality पनि पूर्णत: देख्न सकिदैन । हतियार विनाको शिविर पनि थिएन किनकि पूर्व जनमुक्ति सेनासंगका हतियार सुरक्षाको लागि थिए र माओवादी नेतृत्वको सुरक्षामा जाने लडाकुले हतियार लिएर लिएर जाने गर्दथे । हतियारको भण्डारण गरेको चावी लडाकुसंगै रहने व्यवस्था थियो । कन्टेनरको सुरक्षा लडाकुबाट नै हुने गर्दथ्यो । लडाकुलाई मासमा जाने समस्या थिएन । सामाजिक विकास सरसफाइ, उद्धार दैवि प्रकोप नियन्त्रणको लागि नेपाली सेनासंगै जनसेनाको सहकार्य पनि भइरहने गर्दथे (लडाकु जनता भन्दा अलग नभएकोले पुन:स्थापना नभई स्वेच्छिक अवकास (Golden Handsake) लिएका थिए ।

सुरक्षा क्षेत्र सुधारको Mobality अनुसार जनसेनाको पुरै संख्यामा समायोजन पनि हुन सकेन । अपेक्षा गरिएको संख्या भन्दा ज्यादै न्यून संख्यामा भएपनि समायोजन भएको थियो । समायोजनको Mobality विश्वमै भिन्न प्रकारको पाइन्छ । SSR अवधारणा अनुसार दीर्घकालीन रुपले सुरक्षा सुदृढ गर्ने राज्यको थप लोकतान्त्रिकरण, शासन व्यवस्थामा आवश्यक सुरक्षाको ग्यारेन्टी गर्ने संविधान निर्माणबाट मात्रै ग्यारेन्टी संभव भएको छ ।

### २.६.१ माओवादी लडाकु समायोजन हुन मापदण्डहरु

(क) मानव अधिकारबारे जान्ने बुझ्ने: राष्ट्रिय अन्तर्राष्ट्रि मानव अधिकार कानुनहरुको उल्लंघन गरेको समायोजन हुन सक्ने छैन । फौजदारी अपराध लागेमा अयोग्य हुनेछ ।

(ख) शारीरिक मापदण्ड: नेपाली सेनाद्वारा निर्धारित शारीरिक न्यूनतम आवश्यकता पुरा गर्नुपर्नेछ ।

(ग) शिक्षा: अधिकृत, पदिक र अन्य दर्जामा शिक्षामा भर्ना अवधिकै शिक्षा लागु गरिने छ । केहि पदहरुमा शिक्षामा एक तह लचकता अपनाइने छ ।

(घ) उमेर: नेपाली सेनाले विभिन्न तहहरुमा भर्नाका लागि UN प्रमाणिकरणको भर्ना मितिलाई आधार मानी नेपाली सेनाको भर्ना उमेरको मापदण्ड अनुसार लडाकुलाई भर्ना लिइनेछ ।

(ङ) सेवा अवधि: युद्ध सुरु भएको समयदेखि अहिलेसम्म गणना गर्दा बढिमा १६ वर्ष सेवा अवधि पुरा गरेको मानिने छ ।

(च) सैनिक ज्ञान: सैनिक ज्ञान र उपयुक्त हातहतियार चलाउन सक्ने सामर्थ्य हुनुपर्छ ।

(छ) अनमिनले प्रमाणित गरेको दर्जा, शिक्षा र सेवा अवधि हेरी दर्जा निर्धारण गरिने छ (एसिया रिपोर्ट, २०११) ।

**२.६.२ समायोजनमा अनमिनको भूमिका**

१. नेपाली सेना र माओवादी हतियार र सशस्त्र जवानहरुको व्यवस्थापनको अनुगमन

२. संयुक्त अनुगमन समन्वय समिति मार्फत् दुवै सेनाका हतियार अनुगमन संझौताको कार्यान्वयन सघाउ

३. संविधान सभाको निर्वाचन तयारी तथा स्वतन्त्र र निष्पक्ष वातावरणमा चुनाव गराउन निर्वाचन आयोगलाई प्राविधिक सहयोग पुऱ्याउनु ।

४. युद्धविराम संझौता अनुगमन गर्न सहयोग पुऱ्याउनु (पोखरेल, २०६४)

उपरोक्त भूमिका र जिम्मेवारी पुरा गर्न २०६३ माघ ९ गते संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं.१७४० को आधारमा नेपालमा अनमिनको स्थापना भएको थियो । स्थापना भएको मितिले ९ महिना कार्यकाल तोकिए पनि माघ १, २०६७ सम्म ७ पटकसम्म अनमिनको म्याद थपिएको थियो । अनमिनले आफ्नो जिम्मेवारी मध्ये जनमुक्ति सेनाको दर्ता, प्रमाणिकरण, अनुगमन र नेपाली सेनाको अनुगमनको भूमिका पुरा गरेको थियो । अप्रमाणित जनसेनाहरुको वहिर्गमन र संविधान सभा निर्वाचनको लागि अनमिनको मुख्य भूमिका रहेको थियो ।

**२.६.३ समायोजनमा विशेष समितिको भूमिका**

२०६७ भाद्र ३१ मा माओवादी सेनाका लडाकुहरुको रेखदेख नियन्त्रण निर्देशना प्रक्रिया र आचारसंहिता २०६७ पारित गरी २०६७ माघ १ गते UNMIN विदाइ भएपश्चात मुख्य ७ शिविर र नेपाली सेनाको छाउनी व्यारेकमा रहेको हतियारको कन्टेनर अनुगमनका लागि प्रत्येकमा नेपाली सेना, प्रहरी सशस्त्र, प्रहरी लडाकु २,२ गरी ८ सदस्यिय अनुगमन संयन्त्र रहने, व्यवस्थापिय कार्यमा सघाउन प्रत्येक शिविरमा लडाकु र आर्मीका २ र २ तथा सशस्त्र प्रहरीका १/१ गरी ६ सदस्यिय संयन्त्र र पांच कर्मचारी खटिएका थिए ।

२०६७ माघ ८ मा शिविर र हतियार कन्टेनर विशेष समिति मातहत ल्याउने घोषणा गरी सबै शिविरबाट अनुगमन संयन्त्रको रिपोर्ट लिई आवश्यक निर्देशन दिन विशेष समिति र सचिवालयको कार्यालय रहेको नयां वानेश्वर स्थित एक सिचुएसन सेन्टर निर्माण गरी २४ घण्टा शिविरको नियमित अनुगमन गरिने काम भए । २०६८ चैत्र २२ गते समायोजन प्रक्रिया टुंग्याउने विशेष समितिको निर्णय भएपश्चात २०६८ चैत्र २८ गते प्रमुख दलहरु बीच

लडाकु शिविर र हतियार सरकार मातहत ल्याउने सहमति, सबै क्यान्टोनमेन्टमा नेपाली सेनाको तैनाथी, मुलुकमा द्वैध सैनिकको स्थितिको अन्त्य भयो ।

## २.७ सेना समायोजनको महत्व

नेपालको दश वर्षको भिषण द्वन्द्वपछि स्थापना भएको लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न शान्ति स्थापना आधारभूत शर्त हो । शान्ति प्रक्रियाको महत्वपूर्ण विषय सेना समायोजन पहिलो आवश्यकता थियो । नयां संविधान निर्माणको ढोका खोल्ने पहिलो कदम सेना समायोजनले देश विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । देशको सेना एउटा मात्र आवश्यकता हुन्छ । युद्धविराम र शान्ति संझौता पश्चात द्वेत सेनाको समायोजनले देशलाई दीर्घकालीन योगदान दिन सक्नेछ ।

### (क) शान्ति प्रक्रियाको कोसेढुङ्गा

शान्ति देश विकासको आधारभूत सर्त हो । दश वर्षे जनयुद्धले देशमा भिषण टकराव पैदा गरेको थियो । युद्धमा ध्वंसले स्थान पाउने हुंदा विकासका लागि शान्ति जरुरी रहन्छ । शान्ति स्थापना हुनुले देशलाई अगाडी बढ्न निकै योगदान पुऱ्याएको छ । शान्ति प्रक्रियाको लागि नेपाली सेना समायोजन उदाहरणीय बनेको छ ।

### (ख) संविधान निर्माणको ढोका खोल्नु

नेपालका राजनीतिक दलहरुमा सदा वहसको विषय सेना समायोजन पहिले कि संविधान निर्माण हुने गर्दथ्यो । संविधान निर्माण पहिलो सेना समायोजन हुनुले संविधान निर्माणको लागि बाटो खोलिदियो । समाजमा स्वस्थ वहस उदान्त वातावरणमा संविधान निर्माणका वहसहरु सम्पन्न भए । समायोजनले केहि लामो समय लिए पनि नयां संविधानको लागि एक खुड्किलो बन्न सक्यो ।

### (ग) राष्ट्रिय सुरक्षा सुदृढ

सेनाको तालिम र नफ्रिमा विस्तार हुनुले सेनाको सदृढीकरणमा भूमिका खेल्न सक्दछ । आन्तरिक रुपले सैनिक अभ्यास र तालिम पुरा हुन सकेका वाहिरी सुरक्षाको लागि आधार खडा हुन्छ । समायोजित फौजको संरचना खडा हुनु सेनाको आन्तरिक एकताको लागि थप हौसला थपिने हुन्छ । यसले राष्ट्रिय सुरक्षामा सुदृढता ल्याउन सकेको छ ।

## २.८ पुन:स्थापना र अवकासपछिका अवस्था

अवकासपछिको जीवन कतिपय सुन्दर हराभरापूर्ण देखिन्छ । राज्यको माथिल्लो तहको निर्णायक भूमिकामा रहेर सामाजिक आर्थिक एवं राजनीतिक पहुंच हासिल गर्ने पनि रहेका छन् । व्यवसायमा लागेर आर्थिक प्रगति गर्ने केन्द्रिय राजनीतिको पहुंचमा रहने माथिल्लो तहका कमाण्डरहरु रहेका छन् । क्षेत्र एवं जिल्लाको संगठनमा पहुंच राख्दै आफ्नो आर्थिक उपार्जन गर्ने बीचका कमाण्डरहरुमा पर्दछन् । क्यान्टोनमेन्टमा रहंदा सिकेको सीप एवं प्रमाणपत्रको आधारमा लोकसेवा परीक्षाबाटै सरकारी सेवामा पनि प्रवेश गरेका छन् । वैदेशिक राजगारमा राम्रो आय गर्ने र सदरमुकाम वा क्षेत्रीय शहरहरुमा घर आवास जोडेर व्यवस्थापन गर्ने पनि भेटिएका छन् । अवकासपछि व्यापार, उद्योग, कृषि उत्पादन गरी सुखी जीवन बिताउने पनि छन् । आम्दानी रोजगार नभएपनि खुसीयालीमा रहने कतिपय क्षेत्रमा देख्न सकिन्छ । (उज्यालो अनलाइन, २०१४)

अवकासपछिको जीवन कष्टपूर्ण एवं दयनीय रुपमा गुज्रिएका देखिन्छन् । औसतमा ठूलो समूह यस मध्ये पर्दछ । आर्थिक प्याकेजलाई ठीक ढंगले लगानी नगर्दा होस् या लगानी गरेर घाटा लागेपछि अवस्था जटिल बनेको छ । अधिकांश पूर्व PLA जन्मथलोमा बसोबास छैनन् । क्यान्टोनमेन्टको नजिकको क्षेत्र राजमार्ग, स्कूल, मोटरबाटोको सुविधा हुने स्थानमा कच्ची घर या डेरा लिएर बसोबास गरेका छन् । (अन्नपुर्ण पोष्ट २०७३ पौष)

युद्धकालीन सुनौला सपनाहरु च्यातिएका छन् । सपना बाड्ने नेतृत्व तह र अवकासवाला बीच हिजोको नङ र मासुको जस्तो सम्बन्ध छैन । संसार पैसा र पावरमा दगुरिरहेको छ । नेताहरु विभिन्न पार्टी र चिरामा बांडिएका छन् । युद्धका घाइतेहरु अवकासपछि औषधी उपचार गर्न धौ धौ परेका छन् । परिवार गुमाएकाहरुले पाउनु पर्ने घोषित राहत रकम पनि पुरै पाउन सकेका छैनन् । पूर्ण घाइतेको उपचारको लागि नियमित पाउनु पर्ने रकम अनियमित भएको छ (NPTF 2013) ।

युद्धकालमा होस् या शिविरमा छंदा प्रेम विवाहमा जोडिएका अन्तरजातीय विवाहलाई परिवार र समाजले पचाउन सकेको छैन । महिलाहरु माथि हुने सामाजिक विभेदको शिकार पूर्व लडाकु महिला पनि हुनु परेको छ, असमानता छ । कतिपय NGO/INGO का पुन:स्थापना, मेलमिलाप, सामाजिक सहधुलनका कार्यक्रम पनि प्रभावकारी एवं द्वन्द्व प्रभावितमा देखिदैन । कतिपय पूर्व जनसेना आफूलाई समाजमा चिनाउन पनि खुल्न नसकेको अवस्था छ (नागरिक दैनिक, २०, २०७१) ।

गरिबी, बेरोजगार, भेदभाव, असमानताको बीचबाट अति निराशा बोकेका पूर्व लडाकु अधिकांश विदेश कतिपय स्वदेशमा न्यून जीवन स्तरमा भौतारिनु परेको छ । कतिपय लुटपाट, हतियार ओसारपसार, मूर्ति चोरीका अपराधमा जेलमा छन् भने कतिपय प्रहरीको खोजीको लिष्टमा रहेका छन् (कान्तिपुर ५ असोज २०७३) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा शिविरमा भएको लडाकु व्यवस्थापनको खर्च बारे केहि माथिल्लो तहका कमाण्डको बारेमा छानविन गर्ने भनिएको छ । त्यसोत लडाकु व्यवस्थापनको खर्चबारे स्वयं शिविरमा नै रहंदा लडाकुले कमाण्डरसंग स्पष्ट पार्न माग नराखेका होइनन् । माथिल्लो तहका कमाण्डर तथा नेताहरु लडाकुको नामबाट रातारात अभिजात वर्गमा परिणत हुनु र तल्लो तहका लडाकुहरुको जीवनस्तर दयनीय बन्दै जानु दुःखद बनेको छ (दुर्गा दुलाल ५ असोज २०७३ नागरिक) ।

## २.९ समायोजन नरोजी अवकाशमा जानुका कारण

(क) जनयुद्धको लामो समयसम्म युद्धको बीतमा बम बारुद बोकेर सैनिक जीवन बितिसकेकोले नागरिक समाजमा फर्किएर सामान्य जीवन बिताउने चाहना हुनु ।

(ख) समायोजनको क्रममा स्पष्ट जिम्मेवारी के हुने भन्ने अन्यौलता हुनु ।

(ग) लामो संक्रमणकाल बीचको अन्यौलता भन्दा अगाडी देखाइएको Golden Handseck उपयुक्त हुनु ।

(घ) सेना समायोजनको लागि चाहिने उमेर, शिक्षा, शारीरिक मापदण्ड अनुसारको अवस्था आफूमा नहुनु ।

(ङ) समायोजनको लागि प्राप्त हुन सक्ने पद भन्दा बढि राजनीतिक क्षेत्रबाट प्राप्त गर्न सक्ने जिम्मेवारी र राजनीतिक नियुक्ति इज्जतिलो हुने ।

(च) सैनिक नोकरी भन्दा आफ्नै सानो ठूलो लगानी गरेर व्यवसायिक जीवन जिउने सोच ।

(छ) माओवादी पाटीको फुटमा रहेको एकतप्काको प्रभावित पार्नु ।

(ज) कतिपय लडाकु युद्धका घाइते अपाङ्ग भई समायोजनमा अनफिट भएकाले ।

(झ) अधिकांश महिलाहरु बच्चा र विवाह गरेर गृहणी बनि सकेकोले ।

(ञ) पुरुष समायोजनमा गएका महिलाहरु श्रीमान्कै दवावले अवकास जानु ।

(ट) कतिपय द्वन्द्वकालीन केश र अन्य मुद्दामा जोडिन सक्ने भएकोले ।

(ठ) माथिल्लो कमाण्डर स्वेच्छिक अवकाश रोजेकोले सोबाट प्रभावित हुनु ।

## २.१० पुनःस्थापना र अवकाश

समायोजनमा जान नचाहने वा आवश्यक योग्यता पुरा नहुने जनसेनाकोलागि दुइवटा विकल्प थिए । सीपमूलक तालिमहरु लिएर पुनःस्थापनाको बाटो लिने वा नगद लिएर राजनीतिक सामाजिक कार्यतिर जाने । नगद दिने बारेमा DDR विज्ञहरुले दुरुपयोग हुनसक्ने बताएका थिए । पुनःस्थापनाको प्याकेज अन्तर्गत कुनै सीपमुलक तालिममा सहभागी भई आफूले जीवन निर्वाहको लागि व्यवसाय संचालन गर्न सक्षम बनाउने जस्ता पर्दथे । पुनःस्थापना

प्याकेजमा आधा दर्जन भन्दा बढि मात्र सहभागी भए भने अन्य सबै स्वेच्छिक अवकाश रोजेका थिए । निम्न तह अनुसारको तहगत नगद चेक वितरण गरिएको थियो ।

डिभिजन कमाण्डर/सह कमाण्डर - ८ लाख

ब्रिगेड कमाण्डर/ सह कमाण्डर - ७ लाख

बटालियन कमाण्डर - कम्पनी सह कमाण्डर - ६ लाख

प्लाटुन कमाण्डर - सदस्य - ५ लाख (MACS, २०१५) ।

**विद्रोह पूर्वदेखि अवकाशसम्मको पूर्व जनसेनाको संक्षित अवस्था**

| | | |
|---|---|---|
| माओवादी विद्रोहमा सहभागी नहुँदै | जीवन तुलनात्मक रुपले स्वतन्त्र थियो । स्कूल, कलेज घर गाउंमा रहंदा अभिभावकको सहयोग हुन्थ्यो, परिवारले नै आवश्यकता पुरा गर्थे । | कै. |
| जनसेना हुंदा | जिम्मेवारीको कार्यक्षेत्रमा खट्ने, सुनौलो भविष्यको आशा र विश्वास, साझा समस्या हल गर्ने काम आन्दोलनले गर्दथ्यो । साथीभाइ संगको सहकार्यले कठिनाई हल गर्दथ्यो । हतियारले सुसुज्जित हुंदा गौरवको अनुभूति हुने, सुरक्षाको महसुस हुने, समानताको झण्डा उचालेको अनुभूति । | |
| शिविरको जीवन | पक्षका तितामिठा तर्क वितर्कले आशंकित, कतिपय फुर्सदमा विवाह बच्चा भएका, अध्ययन गर्ने, सीप सिक्ने अवसर शिविरको लामो बसाइले पट्यारिलो जीवन, भविष्यबारे चिन्ता | |

| | | |
|---|---|---|
| स्वेच्छिक अवकासपछि | आर्थिक, सामाजिक जीवनका झमेलाहरु, धेरै बेरोजगार आर्थिक प्याकेज एकमुष्ट नपाउंदा सदुपयोग हुन नसकेको, परिवार बच्चाको हेरचाहमै खर्च अपुग, निराशा र अन्धकार कोही कुलत र अपराधतिर, कोही खाडीको जिन्दगी, अस्वस्थ्य उपचार अभाव, पार्टी संगको सम्पर्क सहयोग अभाव जन्मथलोबाट टाढाको बसाई, नयां सामाजिक सहकार्य घाइते, स्वास्थ्य उपचारमै अपुग | |

# अध्याय: तीन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढांचा

यस शोध द्वितीय श्रोतबाट प्राप्त सूचनालाई वर्णनात्मक र प्राथमिक श्रोतबाट प्राप्त तथ्यांकलाई विश्लेष्णात्मक ढांचा प्रयोग गरिएको छ । यस अध्ययनबाट समाजमा स्वेच्छिक अवकाश वा समायोजन रोजेका पूर्व जनमुक्ति सेनाले आफूलाई कसरी सामाजिक, आर्थिक क्षेत्रमा केन्द्रित गरेका छन् । राज्यले शान्ति प्रक्रियामा खेलेको भूमिकाबाट कति प्रभावित छन् । सदस्यहरुको शिक्षा, पेशा, परिवारको प्रकृति, सामाजिक, राजनीतिक संस्थामा हालको स्थान, पेशामा संलग्न भए पश्चातको तुलनात्मक जीवनस्तर र समस्या समाधानका उपाय बारेमा विश्लेष्णात्मक विधिबाट अध्ययन गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र यसको औचित्यता

वर्तमान नेपाली समाज लोकतान्त्रिक, गणतन्त्रमा प्रवेश गरिसकेको छ । नयां संविधान घोषणा भई कार्यान्वयनमा जादैं गर्दा राज्यले विगतका द्वन्द्वका घाउहरु कसरी सन्चो बनाउने सामाजिक सद्भाव, सु-शासन र स्थिरता एवं गणतन्त्रको आर्थिक फल कसरी फलाउने भन्ने विषयमा ध्यान दिन जरुरी छ । अनुसन्धानकर्ता स्वयं यसै क्षेत्रमा विगतको द्वन्द्व र शान्ति प्रक्रिया हुदै वर्तमानसम्म प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न भएकोले यस विषयलाई छनौट गरेको छु ।

यस अनुसन्धानको लागि क्षेत्र छनौट गर्दा पूर्व जनसेनाको शुरुको दर्तामा सहभागी ३२५२० लाई चयन गरिएको छ । यस क्षेत्र छनौट गर्नुको कारण म स्वयं समायोजनको प्रक्रियामा सम्बद्ध भएकोले यस प्रक्रियामा रहेका सबै क्षेत्रका व्यक्तिहरु संग छलफल, अन्तरक्रिया एवं समस्या हल गर्न सुझावको लागी पहुंचमा पुग्न सकिने भएको हुंदा यो क्षेत्र र विषयलाई छनौट गरिएको हो ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट

शान्ति प्रक्रिया पश्चात अस्थायी शिविरमा सुरुको दर्ता प्रक्रियामा सहभागी पूर्व जनमुक्ति सेनाको संख्या ३२५२० थियो । अनमिनले प्रमाणित गरेका १९६०२, अप्रमाणित ४००८ जना सेनामा समायोजित १४०२ जना, स्वेच्छिक अवकाश (Golden Hand Shake) लिएका १३९२२, ६ जना पुन:स्थापनामा सहभागी रहेको थिए । समग्र संख्याको बीचबाट १६० (महिला ५७) जना सदस्यलाई उद्देश्यपुर्ण नमुना छनौट गरी अध्ययन गरिएको छ । जसमध्ये नेपाली सेनामा समायोजित श्री राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय र अन्तर्गतका श्री वन तथा पर्यावरण सुरक्षा निर्देशनालय, श्री विपद् व्यवस्थापन निर्देशनालय, श्री राष्ट्र विकास

निर्देशनालयबाट २/२ जना गरी ८ जना, महानिर्देशनालय मातहतका ६ वटा गणबाट ७/७ जना गरी ५० जना सहभागी थिए भने वैदेशिक रोजगारमा रहेका मध्ये खाडी राष्ट्रका ४० र अन्य राष्ट्रका ८ गरी ४८ जना साथै देशका विभिन्न स्थानहरुमा रहेका ६२ जना गरी कुल १६० जनालाई नमूना छनौट गरिएको छ ।

### ३.४ तथ्याङ्कको प्रकृति तथा श्रोतहरु

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संख्यात्मक र गुणात्मक दुवै प्रकृतिबाट संलग्न गरिएको छ ।

#### ३.४.१ प्राथमिक तथ्याङ्क श्रोत

प्राथमिक तथ्याङ्कहरु सोधकर्ता स्वंयमले लिएका प्रश्नावली, अन्तर्वाता, क्षेत्र अवलोकन समूह छलफलमा आधारित छन् । यस श्रोतबाट सहभागी सदस्यको पेशा, उमेर, शिक्षा, परिवारको आकार, जग्गामा स्वामित्व, पेशामा सहभागी भएपछिको जीवनस्तर आदी तथ्याङ्क हासिल गरिएको छ ।

#### ३.४.२ द्वितीय तथ्याङ्कको श्रोत

द्वितीय तथ्याङ्क विभिन्न प्रस्तावहरुबाट संकलन गरिएका छन् । यसैगरी विभिन्न प्रतिवेदन, पत्रपत्रिका, TU पुस्तकालय, Google Nepal, Wekepedia लगायत वा विभिन्न Online Site बाट तथ्याङ्क संलग्न गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधिहरु

शोधकार्यको उद्देश्य अनुरुप तथ्यांक संकलनका लागि आवश्यक निम्न लिखित विधिहरु प्रयोग गरिएको छ ।

#### ३.५.१ प्रश्नावली

पूर्व जनसेना सदस्यहरुको आर्थिक सामाजिक पक्षका तथ्यांकहरु संलग्न गर्नका लागी प्रश्नवाली तयार गरी सोधकर्ता स्वयंले छनौटमा परेका सदस्यहरुसंग प्रत्यक्ष अन्तर्वाता लिने प्रयास गरिएको छ । अन्तर्वाता अनुसूचिको आधारमा तथ्यांक संलग्न गर्ने काम गरियो । यसमा दुई किसिमका प्रश्नहरु रहेका छन् । पहिलोमा सामाजिक तथ्यांकहरु रहेका छन् । जसमा सदस्यहरुको परिवारको प्रकार, शिक्षा, उमेर, धर्म, विवाह, संस्थाको कुल स्थानमा संलग्नता समायोजन/अवकाश/वहिर्गमन पश्चात् समाजमा परेको प्रभाव, भाषा, क्षेत्र आदी रहेका छन् । दोश्रोमा आर्थिक तथ्यांकहरु छन् जसमा पेशा, आर्थिक जीवनस्तर, घर, डेरा, जग्गामा स्वामित्व

आदि तथ्यांक छन् । यी तथ्यांकहरुलाई तालिका तथा पाइचार्ट, स्तम्भ चित्र आदिमा प्रस्तुत गरी विश्लेषण गर्ने गरिएको छ ।

### ३.५.२ अवलोकन

सहभागीमूलक अवलोकन विधिद्वारा नमुना छनौटमा पुगेका क्षेत्रमा गई त्यहांको सामाजिक, आर्थिक पक्षको प्रत्यक्ष प्रभावको यथास्थितिको बारेमा अवलोकन गरी उपलब्ध कुराहरु समावेश गरिएको छ ।

### ३.५.३ समूह छलफल

नमूना छनौटमा परेका स्थानहरुमा गई सदस्यहरुसंग समायोजन/स्वेच्छिक अवकाश वहिर्गमन पश्चात् आर्थिक, सामाजिक क्षेत्रमा भएका विकास र प्रगतिको बारेमा छलफल गरी उद्देश्य बमोजिमको सूचना संलग्न गरिएको छ ।

## ३.६ तथ्यांक संलग्न गरी अपनाईएका अन्य तरिका

पूर्व जनमुक्ति सेनाका जिम्मेवार नेता कमाण्डरलाई मुख्यदाता मानी उहांहरुसंगको छलफल गर्दा केही तथ्यहरु लिइएको छ भने केही तथ्यांकहरु विभिन्न संघ संस्थाका अभिलेख, प्रतिवेदन, मुख्यपत्र एवं पत्रपत्रिकाहरुबाट लिइएको छ ।

## ३.७ तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण

तथ्यांक विश्लेषण गर्दा सामान्यतया बारम्बारता र औसतका आधारमा गरिएको छ भने प्रस्तुतिकरण तालिका तथा वृत्तचित्र एवं स्तम्भ चित्रद्वारा प्रस्तुत गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै क्षेत्र र सीमाहरु हुन्छन् । अध्ययन अनुसन्धान कार्य भनेको कुनै न कुनै निश्चित अवधि ठाउ, उद्देश्य र प्रयोजनका लागी गरिने कार्य भएकोले यसबाट प्राप्त परिणाम र व्याख्या पनि त्यही अवस्थामा मात्र सामान्यीकरण गरिने भएकोले यसले सबै पक्षलाई नसमेट्न सक्दछ । त्यसैले यो अध्ययनको पनि आफ्नो निश्चित सीमाहरु रहेको हुनाले त्यही सीमा भित्र रहेर यसको परिणाम र निष्कर्षहरु मान्य हुनेछन् ।

यो अनुसन्धान केवल सीमित क्षेत्रका धेरै सदस्यहरु सहभागी रहेको परिवेशको अध्ययनबाट निस्किएको निस्कर्षले समग्र पूर्व जनसेनाको प्रतिनिधित्व गर्न सक्दैन । यो एउटा शैक्षिक उपाधि प्राप्त गर्नका लागी मात्र भएकाले समय साधन र श्रोतका दृष्टिले समेत संभव रहदैन । त्यसैले उद्देश्य पुर्व नमुना छनौटमा आधारित विवरणात्मक अध्ययन भएकाले त्यसमा

हुने त्रुटिहरुबाट अछुतो छैन । जे भएता पनि सकेसम्म परिणामलाई शुद्ध बनाउन प्रयत्न गर्दै सजकता अपनाइएको छ ।

## अध्याय:चार

# पुर्व जनमुक्तिसेना सदस्यहरुको सामाजिक आर्थिक अवस्था

नेपालको शान्ति प्रकृयाको एक दशक पुरा भइसकेको छ । शान्ति प्रक्रियाको पहिलो ढोका सेना समायोजन थियो । सेना समायोजनमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट ठूलो भौतिक आर्थिक लगानी भएको थियो । UN लगायत INGO/NGO बाट पनि ठूलो भूमिका निर्वाह भएको थियो । जसको परिणाम दीर्घकालीन शान्ति स्थिरता विकासको लागी समायोजनको सम्पन्नताले दुर्गामी महत्व थपेको छ नयां संविधान निर्माण संविधानसभा चुनावको लागी समेत ठूलो भूमिका रहेको थियो त्यसैले यसले समाजमा परेको सामाजिक आर्थिक लगायतका विविध क्षेत्रहरुमा नमुना छनौटमा परेका पूर्व जनमुक्तिसेना सदस्यहरुको सामाजिक आर्थिक अवस्थामा विश्लेषण गरी निचोडको लागी यो अध्यायलाई निम्न अनुसार दुई शिर्षकमा विभाजन गरिएको छ । पहिलो शिर्षक अन्तर्गत समायोजन अवकाश र वहिर्गमनले सदस्यहरुको सामाजिक अवस्थामा पारेको प्रभाव विश्लेषण गर्ने प्रयास गरिएको छ भने दोश्रो शिर्षक अन्तर्गत सदस्यहरुको आर्थिक पक्षमा पारेको प्रभाव औंल्याउने प्रयास गरिएको छ ।

## ४.१ पूर्व जनमुक्ति सेना सदस्यहरुको सामाजिक पक्ष

यस शिर्षक अन्तर्गत शोध कार्यका निम्ति छनौटमा परेका सदस्यका परिवारको प्रकार, उमेरको विवरण, परिवार संख्या, वैवाहिक स्थिति, जाती, धर्म, लैगिंक उपस्थिति, संस्थामा उनीहरुको स्थान, क्षेत्र, भाषा, समाजमा परेको प्रभाव आदीबारे संकलित तथ्यांकको विश्लेषण गरी प्रस्तुतीकरण गरिएको छ । निम्न अनुसारका विषयलाई तथ्यांक तालिका, वृत्तचित्र तथा स्तम्भ चित्रहरुद्वारा प्रस्तुत गरिएको छ ।

### ४.१.१ जाति, धर्म

जाति, धर्म सामाजिक संस्थाहरु छन् । सदस्यहरुको संस्कृति चाल चलन रहन सहन, सामाजिक परम्परा र चिन्तन आदी जाति धर्मको आधारमा निर्धारित हुने गर्दछन् । त्यसैले अध्ययन क्षेत्रका सदस्यहरुको जातजाति र धर्म सम्बन्धी तथ्यांक तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ पुर्व जनसेना सदस्यको जातिगत विवरण**

| जाति | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| ब्राम्हण | ३२ | २० | |
| क्षेत्री | ४८ | ३० | |
| दलित | १६ | १० | |
| जनजाती | ४८ | ३० | |
| मधेसी | ८ | ५ | |
| अन्य | ८ | ५ | |
| जम्मा | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

यस अध्ययनमा १६० जना सदस्य मध्ये क्षेत्री र जनजातिका ४८/४८ जना तुलनात्मक रुपले वढि रहेको छ । दोश्रो स्थानमा व्राम्हण जाती ३२ जना रहेको छ । दलित जातीको उल्लेख्य संख्या १६ जना रहेको छ । मधेशी र अन्य जातीको पनि राम्रो सहभागीता भएको देखिन्छ । जनसेनामा क्षेत्रीसंग जनजातीको उपस्थिति पनि हाराहारी भएको पाइन्छ । व्राम्हण सहभागीता पनि राम्रो सहभागीता रहेकोले जनसेनामा बाहुन प्रतिनिधित्व कम रहनेछ भन्ने बुभिन्छ । त्यस्तै दलित, मधेशी अन्यको आकर्षित रहनुले सहभागीतामा विविधताको संयोजन भएको स्पष्ट रहेको छ ।

**चित्र नं. १ बाट सहभागी सदस्यहरुको धर्म सम्बन्धी विवरण**

स्रोत: स्थलगत सर्भेक्षण २०७३

विवरण अवलोकन गर्दा नेपाल हिन्दु वाहुल्य देश भएकोले स्वभावत: हिन्दु धर्म मान्नेहरुको संख्या बढि देखिएको छ । बौद्ध धर्म जनजातिले बढी मान्ने गरेका छन् । मुस्लिम र क्रिश्चियनको पनि बराबरी जस्तै रहेको छ भने ३५% ले धर्ममा नास्तिक रहेको देखिन्छ । भौतिकवाद तर्फ उल्लेख्य संख्या भएको देखिन्छ । नेपालमा पछि मान्न थालिएको क्रिश्चियन धर्म समर्थक र मुस्लिम धर्म कै नजिक रहनु भनेको क्रिश्चियन धर्ममा आकर्षण बढि देखिएको छ ।

### ४.१.२. पूर्व जनसेना सदस्यहरुको उमेर र लैंगिक अवस्था

पूर्व जनमुक्ति सेना पनि एक सामाजिक संस्था हो । जनसेना सदस्य बन्नका लागि १६ वर्ष उमेर पुगेको हुनुपर्छ । सदस्यहरुको उमेरगत संलग्नता अध्ययनको विषयवस्तु हुने हुंदा लैंगिक उमेरगत वर्गिकृत तथ्यांक निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२ पूर्व जनसेना सदस्यहरुको उमेर र लैंगिक अवस्था**

| लिङ्ग | २०-२५ वर्ष | | २५-३० वर्ष | | ३१-३५ वर्ष | | ३६-४० वर्ष | | ४१-४५ वर्ष | | जम्मा | कुल | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | प्रतिशत | जम्मा | |
| **महिला** | १ | .६२५ | २० | १२.५ | २३ | २० | ४ | २.५ | | | ३५.६२५ | ५७ | |
| **पुरुष** | ३ | १.८७५ | ४४ | २७.५ | ४० | २५ | १४ | ८.७५ | २ | १.२५ | ६४.३७५ | १०३ | |
| **जम्मा** | ५ | २.५० | ६४ | ४० | ६२ | ४५ | १८ | ११.२५ | २ | १.२५ | १०० | १६० | |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार सबभन्दा बढि २५-३० वर्ष सम्म ६४ जना र त्यसपछिका ३१-३५ सम्मको समूहमा ६२ जना रहेको छ ४१-४५ समूहमा भने थोरै २ जना संलग्नता र २०-२५ को ४ जना मात्र देखिन्छ । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा राजनीतिक रुपमा परिपक्क भएको सक्रिय उमेर समूह २५-३० सम्मको महिला पुरुषको सहभागिता धेरै रहेको छ ।

### ४.१.३. सदस्यहरुको परिवारको प्रकार

समाज शास्त्रीय अध्ययनमा परिवारलाई सामाजिक संस्था मानिएको छ । The Family is a group of defined by a sex relationship sufficiently precise and enduring to provide for the procreation and upbringing of children (Mclver and Page 1950.238) परिवार पनि सदस्यहरुको सामाजिक अवस्थाको अध्ययनको विषय हुन्छ । त्यसैले पारीवारिक संरचना सम्बन्धी तथ्यांकलाई परिवारको प्रकारमा वर्गिकरण गरिएको छ ।

### तालिका नं.३ पूर्व जनसेना सदस्यहरको परिवारको प्रकार

| परिवारको प्रकार | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| एकल | १२० | ७५ | |
| संयुक्त | ४० | २५ | |
| जम्मा | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

सहभागीहरुको परिवारको प्रकार हेर्दा राजमार्ग यातायात एवं स्वास्थ्यको पहुंच भएका आधुनिक भौतिक सुविधा उपलव्धता क्षेत्रका साथै वैदेशिक रोजगारी र आन्तरिक रोजगारीको अवसर जस्ता कारणले संयुक्त परिवार एकल परिवारको रुपमा रुपान्तरण भई हिजोका दिनमा व्यापक मात्रामा रहेको संयुक्त परिवार विखण्डित भै एकल परिवार बढ्दै गएको देखिन्छ । विशेषत: पूर्व जनसेना सदस्यहरु पैतृक घर गाउंबाट टाढा बसेका धेरै संख्यामा रहेकोले पनि एकल परिवारको संख्या बढि देखिएको हुन सक्छ ।

### ४.१.४ सदस्यहरुको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो । International Encyclopedia of Social Science का अनुसार Marriage may be defined as a culturally approved relationship of one man and one woman (Monogamy) or one man and two more women (Polygamy) or one woman and two of more men (Polyandry in which there is cultural endorsement of sexual intercourse between the marital partners of opposite sex and generally the expectation children will be born of relationship "समाजशास्त्रीय दृष्टिकोण अनुसार यसलाई पनि अध्ययनको विषयवस्तुमा राखी सहभागी सदस्यहरुको वैवाहिक स्थिति अध्ययन गरी निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### तालिका नं.४ पूर्व जनसेना सदस्यहरुको वैवाहिक स्थिति

| वैवाहिक स्थिति | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **वैवाहिक स्थिति** | ९८ | ८० | |
| **विवाहित** | ३० | १८.७२ | |
| **अविवाहित** | ३० | १८.७५ | |
| **विधवा** | २ | १.२५ | |
| **विदुर** | | | |
| **जम्मा** | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

सदस्यहरुको वैवाहिक स्थिति हेर्दा अरुको तुलनामा विवाहितहरुको संख्या अधिक रहेको छ । अधिकांश सदस्यहरु परिपक्क उमेरमा भएका घरजम भएकाको संख्या हेर्दा वास्तविक अवकाश जीवनमा सबैको गृहस्थी अवस्था देखिन्छ भने कतिपय अप्रमाणित लडाकुहरु उमेर कम भएको कारणले विवाहित नभएको हुनसक्ने देखिन्छ । युद्धमा श्रीमान् गुमाएका २ जना महिला रहेका छन् ।

### ४.१.५ पूर्व जनसेनाका सदस्यहरुको शैक्षिक अवस्था

पूर्व जनसेना सदस्यहरुको साक्षरता सम्बन्धी अवस्था कस्तो छ ? उनीहरुको औपचारिक शैक्षिक स्तरको स्थिति कस्तो छ ? समाज र यसका समस्यालाई हेर्ने दृष्टिाकोण निर्माणको निम्ति चाहिने सचेतना सम्बन्धी तालिम प्रशिक्षण प्राप्त गरेका छन्, छैनन् ? इत्यादी प्रश्नहरुको उत्तरहरुले सदस्यहरुमा परेको सामाजिक प्रभावलाई अध्ययन गर्न सकिन्छ । शिक्षा सामाजिक रुपान्तरणको मेरुदण्ड हो । यसले सदस्यहरुमा आत्मविश्वास बढाउंछ, दृष्टिकोण निर्माण गर्न मद्दत गर्दछ र समस्याको निर्क्यौल गर्न सघाउंछ । शिक्षा सम्बन्धी तथ्यांकहरु तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र नं.२ पूर्व जनसेनाको शैक्षिक विवरण**

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

यस सर्वेक्षणमा सहभागीहरुको १६० मध्ये सबै साक्षर भएकोले युद्धकालमा अध्ययन गर्न अवसर नपाएका क्यान्टोन्मेण्टमा पढ्ने अवसर प्राप्त गरी फुर्सदलाई भरपुर उपयोग गरेको पाइयो । विवाह, बच्चा जन्मिनु लगायतका कारणले पुरुषको तुलनामा महिलालाई पढ्ने अवसर कमै हुने देखिन्छ ।

### ४.१.६ पूर्व जनमुक्ति सेना सदस्यहरुको मातृभाषा

मातृभाषा पनि सामाजिक संस्था हो । समाजलाई एकिकरण गर्ने संस्कार र संस्कृतिको अभिन्न अंग भाषा हुन सक्दछ । "The first language of child is part of the personal social & cultural identity” (wikipedia) समाजलाई एकिकृत गर्ने परम्परा संस्कारलाई संवर्द्धन, प्रवर्द्धन गर्ने काम मात्रृभाषाबाट मात्रै संभव छ । मातृभाषाकै कारण सिङ्गो समाजमा पाइला चलाउन सकिने हुन्छ ।

**तालिका नं.५ मातृ भाषागत् सहभागिता**

| भाषा | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| नेपाली | ८८ | ५५ | |
| मगर | ४४ | २७.५ | |
| गुरुङ्ग | १२ | ७.५ | |
| तामाङ्ग | ८ | ५ | |
| लिम्बु/शेर्पा | ४ | २.५ | |
| अवधि/मैथली | ४ | २.५ | |
| जम्मा | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

उपरोक्त सर्वेक्षणमा नेपाली मातृभाषा ८८ जना, मगर ४४, गुरुङ्ग १२, तामाङ्ग ८, लिम्बु-शेर्पा ४ र अवधी मैथिली ४ जना मातृभाषा रहेको पाइन्छ । नेपाली भाषी सहभागिता पछि मगर मातृभाषी सहभागिता देखिनु पश्चिम नेपालको मगर वाहुल्य क्षेत्रका पूर्व जनसेना बढि भएको देखिन्छ । त्यस्तै अन्य जातीय समुदायका मातृभाषाको सहभागिताले सबै क्षेत्र र भाषिक समुदायको सहभागिता भएकोले नेपाली विविधता सहितको सहभागिता भएको बुझिन्छ ।

### ४.१.७. पूर्व जनमुक्ति सेना सदस्यहरुको क्षेत्रगत विवरण

समाजशास्त्रीय अध्ययनमा क्षेत्र एक संस्था हुन आउंछ । सामाजिक संस्कार संस्कृति भित्र क्षेत्र जोडिएको हुन्छ । क्षेत्रकै आधारमा भाषाभाषी भेषभुषा जोडिएका हुन्छन् । क्षेत्रले सामाजिक एकिकरणमा मद्दत पुर्‍याउने गर्दछ । सामाजिक विविधताको माध्यम क्षेत्र पनि हुन सक्दछ ।

**चित्र नं.३ पूर्व जनसेनाहरुको क्षेत्रगत विवरण**

स्रोत: स्थलगत सर्वेक्षण २०७३

उपरोक्त सहभागिताको सर्वेक्षणमा पहाडी क्षेत्रको १०४ हुनुले जनमुक्ति सेनामा पहाडबाट बढि सहभागी भएको बुझाउंछ । न्यून जनसंख्या रहेको हिमाली क्षेत्रको २६ जना रहनु हिमालको पनि राम्रो उपस्थिति मान्न सकिन्छ । त्यस्तै तराइको समथर र सुगम क्षेत्रबाट ३० जना सहभागी रहनुले सबै क्षेत्रका जनमुक्ति सेनाको सहभागिता रहेको स्पष्ट हुन्छ ।

### ४.१.८ सामाजिक, राजनीतिक संस्थामा पूर्व जनमुक्ति सेना सहभागिता

**चित्र नं.४ सामाजिक, राजनीतिक संस्थामा पूर्व जनमुक्ति सेना सहभागिता**

स्रोत: स्थलगत सर्वेक्षण २०७३

सर्वेक्षणको आधारमा राजनीतिक सामाजिक संस्थाका विभिन्न स्तरमा सहभागी मध्ये धेरै संख्यामा जनमुक्ति सेना संस्थाका काममा संगठित भएको देखिन्छ । त्यस्तै संस्थाको केन्द्रिय भूमिकादेखि स्थानीय भूमिकामा रहनुले सामाजिक चेतनाको स्तर माथी रहेको छ । केहि संख्या ४४ जना संस्थामा नहुनुको कारण संस्थाबाट विरक्तिएर या संगठित हुनुपर्छ भने सोच नभएको देखिन्छ ।

### ४.१.९ पूर्व जनमुक्ति सेना सदस्यको समाजमा प्रभाव

**चित्र नं.५ पूर्व जनमुक्ति सेना सदस्यको समाजमा प्रभाव**

स्रोत: स्थलगत सर्वेक्षण २०७३

समायोजन पश्चात पूर्व जनमुक्ति सेना सदस्यहरुको समाजमा अधिकांशले सकरात्मक प्रभाव परेको छ । पूर्व जनमुक्ति सेना देशको शान्ति एवं सुरक्षाको लागि व्यवसायिक रुपले नै खटिनुले आम जनताको सकरात्मक धारणा बनेको हुन सक्दछ । अनमिनले प्रमाणिकरणको क्रममा अप्रमाणित लडाकु (Disqualified Combatant) भनी शाव्दिक रुपले भनिनुले पनि समाजमा फर्किदा वहिर्गमित लडाकुलाई मनोवैज्ञानिक रुपले नकरात्मक बुझाई परेको हुन सक्दछ । समायोजनमा रहेका पूर्व जनमुक्ति सेनाहरुबारे समाजमा अरुको तुलनामा बढि सकरात्मक प्रभाव रहेको छ ।

**४.१.१० स्थानीय जनता संगको सहकार्य**

**चित्र नं.६ स्थानीय जनता संगको सहकार्य**

स्रोतः स्थलगत सर्वेक्षण २०७३

सर्वेक्षण अनुसार स्थानीय जनतासंगको सम्बन्ध मध्यम स्थानमा ५५% रहेको छ धेरै राम्रो ४% रहेको, राम्रो २१% रहेको छ भने २०% को त्यत्ति राम्रो छैन भन्ने रहेको छ । अन्तरजातीय विवाह महिला माथिको विभेद, फरक राजनीतिक समूहसंगको कारण स्थानीय संग सहकार्यमा समस्या देखिएको हुन सक्दछ ।

### ४.१.११ सामाजिक जीवनस्तर

**चित्र नं.७ सामाजिक जीवनस्तर**

स्रोत: स्थलगत सर्वेक्षण २०७३

सर्वेक्षण अनुसार पूर्व जनमुक्ति सेनाको सामाजिक जीवनस्तर सन्तोषजनक ४९% , ५% धेरै राम्रो, २०% राम्रो र २७% खासै मन परेन भन्ने देखाउंछ । सामाजिक जीवनमा सन्तुलित गर्नको लागि सामाजिक मूल्य मान्यता, सहकार्य, अन्तर संवाद जस्ता कार्यक्रमबाट अगाडी बढाउनु पर्ने देखिन्छ ।

## ४.२ पूर्व जनसेना सदस्यहरुको आर्थिक अवस्था

सेना समायोजन, स्वेच्छिक अवकाश र वहिर्गमन पश्चात सदस्यहरुमा परेको आर्थिक प्रभावबारे विश्लेषण गर्दा सदस्यहरुको पेशा, आय समूह, जमिनमा रहेको स्वामित्व, आवास घर वा डेरा बालबच्चाहरुले पढ्ने स्कूल, पेशामा संलग्न भएपछिको जीवनस्तर एवं समस्या समाधानको लागि सोधिएका उपाय आदी जस्ता तथ्यांकहरुको प्रस्तुत गरिएको छ ।

### ४.२.१ सदस्यहरुको पेशा आय समूह

सदस्यहरुको पेशाको अध्ययन तथा संलग्नताले आर्थिक क्षेत्रमा कुन बढि रुचाइएको हो भन्ने अध्ययन गर्न सकिने हुनाले पेशा सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**चित्र नं.८ पेशा सम्बन्धी विवरण**

स्रोत: स्थलगत सर्वेक्षण २०७३

माथीको चित्र अनुसार ६० जना वैदेशिक रोजगार, ३० जना गृहणी, कृषिमा २६ जना, सरकारीमा २२ जना, व्यापारमा १२ जना र अन्य १० जना सहभागीको पेशा रहेको छ । अवकाशमा गएकाहरु मध्ये धेरैजसो वैदेशिक रोजगार नै रहेका छन् । महिलाको बालबच्चा र विवाह भएकोले गृहणी रहेका छन् भने अस्थाई आवास डेरा लिएर सुगम स्थानमा बसेपनि कृषि कार्यमा व्यवसायिक खेती, पशुपंक्षी पालन गरेका पाइन्छ । सरकारी पेशामा अधिकांश समायोजनमा रहेका छन् भने थोरै लोकसेवाबाट प्रवेश गरेका पाइन्छ ।

अध्ययन छनौटमा परेको सदस्यहरुको आय समूहमा वर्गीकरण गरी उनीहरुको आर्थिक स्तर विश्लेषण गर्ने प्रयत्न गरिएको छ । आय वर्गिकरण गर्दा पोषण आधारभूत शिक्षा प्रदान गर्न कठिन हुनेहरुलाई निम्न आय समूह, सामान्यत: आफ्नो खर्च टार्न सक्नेलाई मध्यम आय समूह र वचत गर्न सक्नेलाई उच्च आय समूहमा विभाजन गरी तथ्यांक संकलन गरिएको छ ।

**सदस्यहरुको आय स्तर सम्बन्धी विवरण**

**तालिका नं.६ सदस्यहरुको आय स्तर सम्बन्धी विवरण**

| आय समूह | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| निम्न आय समूह | १२० | ७५ | |

| | | | |
|---|---|---|---|
| **मध्यम आय समूह** | ३८ | २३.७५ | |
| **उच्च आय समूह** | २ | १.२५ | |
| **जम्मा** | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०७२

चार्ट अनुसार निम्न आय समूह परिवार अधिकांश रहेको देखियो । अवकाशमा गएका हुन् या समायोजनमा गएका सबैको न्यून आय रहेको देखिन्छ । व्यापार गर्ने, वैदेशिक रोजगारका राम्रो कमाई हुने एवं उच्च तहमा समायोजन भएकाको समूह मध्यम वा उच्च आय समूहमा रहेका छन् ।

### ४.२.२ पूर्व जनमुक्ति सेना सदस्यको बालबच्चाको विद्यालयको प्रकृति सम्बन्धी विवरण

पूर्व जनसेना सदस्यहरुलाई आफ्नो बालबच्चाले कस्तो विद्यालयमा पठन पाठन गएका छन् यसले उनीहरुको हैसियत वा प्रभावको बारेमा बुझ्न सकिने हुंदा तत्सम्बन्धी तथ्यांक प्रस्तुत गरिएको छ ।

**विद्यालय जाने बालबच्चाको विद्यालयको प्रकृति सम्बन्धी विवरण**

**तालिका नं.७ विद्यालय जाने बालबच्चाको विद्यालयको प्रकृति सम्बन्धी विवरण**

| विद्यालयको प्रकृति | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **निजी शिक्षक संस्था** | १० | ६.२५ | |
| **सरकारी शिक्षक संस्था** | १२० | ७५ | |
| **बच्चा नभएका** | ३० | १८.७५ | |
| **जम्मा** | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

सर्वेक्षणमा १२० जना सदस्यहरुले निजी विद्यालयमा पढाउने गरेको पाइयो यसबाट के स्पष्ट हुन्छ भने निम्न र मध्यम आय समूहका सदस्यहरु भएपनि शिक्षा प्रतिको दृष्टिकोण राम्रो रहेको पाइयो । छोराछोरीको शिक्षामा राम्रो प्रगति गर्न सकुन् भन्ने मान्यताको विकास भएको बुझिन्छ ।

### ४.२.३ सदस्यका परिवारको जमिन माथी स्वामित्व र वासस्थान

आर्थिक प्रभावबारे सदस्य परिवारको जमिन माथी स्वामित्व र उनीहरुको वासस्थानको अध्ययनले सहभागी सदस्यहरुको आर्थिक अवस्था हैसियत एवं उनीहरुको बसाइको स्थाई वा अस्थाई हो भन्ने बुझाउने हुंदा यस सम्बन्धी तथ्यांक तल दिइएको छ ।

**परिवारको जमिन माथीको स्वामित्व विवरण**

**तालिका नं.८ परिवारको जमिन माथीको स्वामित्व विवरण**

| जमिनको क्षेत्रफल | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ विगाहा भन्दा बढि | १२ | ७.५ | |
| १० कट्ठा भन्दा बढि | १८ | ११.२५ | |
| १ कट्ठा भन्दा बढि | ४० | २५ | |
| १ कट्ठा भन्दा कम | ८२ | ५१.२५ | |
| नभएको | ८ | ५ | |
| जम्मा | १६० | १०० | |

जमिन माथिको स्वामित्वको तथ्याकंबाट के देखिन आउंछ भने जमिन अत्यन्त खण्डिकरण भइरहेको छ । विगाहा जमिन हुने परिवार थोरै छ । साना साना टुक्रा जमिन हुनेहरु १४० जना छन् भूमिहिनको संख्या पनि थोरै ८ जनाको रहेको छ ।

**चित्र नं.९ उत्तरदाताको घरको अवस्था**

स्रोत: स्थलगत सर्वेक्षण २०७३

सर्वेक्षणमा परेका १६० मध्ये २८ जनाको पक्कि घर, ९२ जनाको कच्चि र ४० जनाको डेरा मात्रै देखियो यसले पूर्व जनमुक्ति सेनाको घर र आवासको अवस्था मात्र होइन । जीवनस्तर समग्रमा न्यून रहेको देखिन्छ ।

**४.२.४ सदस्यहरुको पेशा संलग्न भएपछि आर्थिक वचत**

पेशामा संलग्न भएपश्चात पूर्व जनमुक्ति सेना सदस्यहरुको आर्थिक वचत बारे विवरण निम्न अनुसार तालिकामा देखाइएको छ ।

**पेशामा संलग्न भएपश्चात आर्थिक वचतको अवस्था**

**तालिका नं.९ पेशामा संलग्न भएपश्चात आर्थिक वचतको अवस्था**

| तुलनात्मक अवस्था | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| धेरै राम्रो | ४ | २.५ | |
| राम्रो | २६ | १६.२५ | |
| सन्तुलनमा | ४६ | २८.७५ | |
| पुरै ऋणमा | ८४ | ५२.५ | |
| जम्मा | १६० | १०० | |

स्रोत: स्थलगत सर्वेक्षण २०७३

सर्वेक्षणको तालिका अनुसार ४ जना धेरै राम्रो वचत, २६ जना राम्रो, ४६ जना सन्तुलनमा र ८४ जना पुरै ऋणमा रहेका देखिन्छ । वचत गर्ने समूह निकै कम छ पुरै ऋणमा रहेका ८४ जना देखिन्छ जसले समायोजन र पुन:स्थापना रोजेकाको आर्थिक स्तरलाई बढाउनु पर्ने हुन्छ । ४६ जना सन्तुलनमा रहेका देखिन्छ । अत: आर्थिक वचत वा सन्तुलनको लागि तत्कालिन एवं दीर्घकालीन आयआर्जन पूर्व जनमुक्ति सेनाको लागि आवश्यक भएको देखिन्छ ।

# अध्याय:पांच

# सारांश र निष्कर्ष

## ४.१ सारांश

समायोजन (Integration) को अर्थ Out or Instance of incorporating or combining into whole हुन्छ । "The arrangement of military forces and their actions to create a force that operates by engaging as a whole" (Dictionery 2005) नेपालमा धेरथोर संख्यामा भएपनि सेनामा समायोजन सम्पन्न भएको छ । नेपाली समायोजन प्रक्रिया विश्वमै समायोजनको Model वनेको छ । शान्ति प्रकृयाको काम अन्तर्गत सेना समायोजन, स्वेच्छिक अवकास र वहिर्गमन प्रक्रियाले नयां संविधान वनाउन महत्वपुर्ण भुमिका खेलिसकेको छ । देश लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा हिडिरहेको छ । संविधान अधिकारको कार्यान्वयन भएमा नेपाल विकास र समृद्धिको उचाईमा उठ्ने देखिन्छ ।

विगत राजतन्त्रात्मक व्यवस्थाले नेपाली समाजलाई अढाई सय वर्ष यता शासन गर्दै आएकोमा सोको अन्त्य संगै लोकतन्त्र र सेना समायोजन अभिन्न बनेको छ । हुनत: विगतमा राणा शासन अन्त्य गर्न नेपाली कांग्रेसले २००७ सालमा मुक्ति सेनाको सशस्त्र फौज मार्फत् आक्रमण गरेको थियो पछि रक्षा बाहिनीमा सोको समायोजन भएको थियो । त्यसपछि पनि २०१८, २०३१ मा पनि सशस्त्र आन्दोलन भएको थियो । तत्कालिन ने.क.पा. (माले) द्वारा २०२८।२९ मा स्थानीय सामन्त जमिन्दारको विरुद्ध झापा आन्दोलनमा सशस्त्र कारवाही शुरु नगरेको होइन । माओवादी सशस्त्र जनयुद्ध मा २०६२।६३ को जनआन्दोलनको संयोजन भए पश्चात देशमा गणतन्त्रको स्थापना भएको हो ।

गणतन्त्रको स्थापना पश्चात सरकार, ने.क.पा. (माओवादी), ७ राजनीतिक दलहरु बीचका दर्जनौं सहमती, छलफल संझौता पश्चात नेपालको शान्ति प्रक्रिया सम्पन्न भैसकेको छ । शान्ति प्रक्रियाको महत्वपुर्ण काम सेना समायोजन सम्पन्न भैसकेको छ । समायोजन वाहेक पूर्व जनसेनाको स्वेच्छिक अवकास र अप्रमाणित लडाकुको वहिर्गमन काम पनि सम्पन्न भएको छ । यसका विधिबाट अन्त्य भएपछ व्यवहारिक पक्षमा केहि अप्ठ्यारा बांकी देखिन्छन् । सामाजिक सन्तुलन ल्याउनको लागी राज्यले सामाजिक र आर्थिक अन्तरक्रियामा सहभागी गराउन जरुरी छ । राज्यले आर्थिक राहत वा प्याकेजको व्यवस्था गरेर मात्र शान्ति स्थापना गर्न सकिदैन । मानवीय हित एवं मानव कल्याणका कार्यक्रम अघि वढाउनु झनै प्रभावकारी व्यवस्थापन हुन सक्दछ ।

सर्वेक्षण अनुसार नेपाली समाजका खस आर्य, जनजाति र मधेसी क्लष्टरका सबै जातिको जनसेनामा सहभागिता रहेको देखियो । धार्मिक रुपले पनि सबै धर्मालम्बीको सहभागिता उल्लेखिय देखियो ।

सर्वेक्षण अनुसार वहिर्गमित जनसेनाका अधिकांश सदस्यहरुको समाजमा परेको प्रभाव बारे नकरात्मक धाराणा रहेको बताएका छन् । घर वा समाजमा फर्किएका अयोग्य भनिएका

अप्रमाणित जनमुक्ति सेना वहिर्गमनको विषयलाई सरकारी क्षेत्रबाट ध्यान नदिएको जस्तो रहेको छ । उनीहरुको आफ्नो निधारमा टांसिएको अयोग्यको स्टिकर हटेकै छैन । पेरिस डांडादेखी सिंहदरवार सम्मका ठुला दवाव सिर्जना गर्दा समेत कुनै प्रभावकारी प्याकेजमा उनीहरु जोडिएका छैनन् । वेला बेलामा बालबच्चा बोकेका घाइते अयोग्य महिलाले आवाज उठाउंदा समेत बेवास्ता भएको देखिन्छ । घाइतेहरुको उपचार एवं जीवन गुजारा गर्न उपयुक्त राहतको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

सामाजिक संघ संस्थाहरुबाट अवकास पछिका सामाजीक अन्तरघुलन, सहयात्रा मार्फत् शान्ति स्थापना अभियानलाई प्रभावकारी ढंगले सन्चालन गरिनु पर्दछ । आन्दोलन पछि पनि समाजमा असमानता, विभेद, अन्धविश्वास कायम नै रहेका छन् । सामाजिक मेलमिलाप कार्यक्रममा थुप्रै वजेट खर्चिए पनि वास्तविक फिल्डमा प्रभावकारी वनि सकेको छैन । संघ संस्थाहरु नाफामुखी काममा मात्रै रहनु सतहमा मात्रै रमाउनु मुल विषय र समस्यालाई जोड नदिने हो भने दिगो शान्ति स्थापना चुनौतीपुर्ण बन्नेछ ।

सर्वेक्षणमा महिला जनसेनाको अवस्था जटिल बनेको छ । अधिकांश विवाहित भई आमा बनि सकेको छन् । सामाजिक असमानता लैंगिक विभेद, पितृ सतात्मक परिपाटीको प्रभावमा परेका छन् । महिला स्वास्थ्यका जटिल समस्याबाट पीडित बनेका छन् । उनीहरु बारे राज्यले शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

जनसेना व्यवस्थापनका नाममा ठुलो संख्यामा धनरासी खर्च भएको थियो । त्यसको ठीक-ठीक ठाउंमा प्रयोग नभएकै कारण अख्तियारमा ठूलो वहसको विषय वनिरहेको छ । सरकारी क्षेत्रबाट लगानी गरिएका वजेटलाई सही ठंगले लगानी नभएकै कारण विषय जटिल भैरहेको देखिन्छ । अभाव, पिंडा, जर्जर आर्थिक अवस्थामा समाजमा पूर्व लडाकुहरु अझैपनि रहेका छन् भन्ने विषय सर्भेक्षणबाट स्पष्ट देखिन्छ ।

वैदेशिक रोजगारमा गएका अन्य युवाहरु जस्तै पूर्व लडाकुहरु पनि खाडीका कठिन कामहरु गर्न वाध्य छन् । वैदेशिक रोजगारमा गएका पूर्व जनसेनाको संख्या धेरै रहनुले राजनीतिक, सामाजिक भन्दा आर्थिक उपार्जनमा जनसेनाको बढि सहभागिता देखिन्छ । धेरैजसो उनीहरु आर्थिक ऋणमा परेको, आर्थिक असन्तुलन भएकोले १६० जना सहभागी मध्ये ८४ जना पारीवारिक समस्या हल गर्न पूर्व जनसेना विदेशिएका छन् । संचार माध्यम अनलाईन समाचारमा आएका खवरले कतिपय पूर्व लडाकुहरुका शव वाकसमा फर्किन विवश छन् । खाडी देशहरुमा नेपाली कामदारहरुको असुरक्षित अवस्था भैरहेको पाईन्छ ।

अधिकांस पुर्व जनमुक्ति सेना आफ्नो जन्मथलोबाट टाढा छन् । क्यान्टोनमेन्ट आसपास या सहरी क्षेत्रमा न्यून जिवनस्तरमा रहेका पाईन्छ । हिजो गाउंबाट आन्दोलनमा खट्टिदा उनीहरुले वोलेका आश्वासन, वचन, सुनौलो नेपालबारे स्थानियले प्रश्न उठाई रहेका छन् । सो

को कुनै परिणाममुखि परिवर्तन देखिएका छैनन् । स्थानिय क्षेत्रमा युद्धकालीन मुद्दाहरु व्युतिएका छन् । युद्धमा ज्यान गुमाएका परिवारहरुले वलिदानको औचित्यबारे प्रश्न उठाईरहेका छन् ।

स्वेच्छिक अवकासमा प्राप्त रकमलाई सदुपयोग गर्न नसक्दा जीवन कठिन भैरहेको छ । कतिपय सदस्यहरुमा निरासा पैदा भएको छ । सामाजिक अपराधका घटनामा मुछिएका छन् । घाईतेहरुले उपचार खर्च मै प्राप्त रकम सिद्धाएका छन् । अपाङ्ग, अशक्त युद्धका घाईतेहरुलाई वर्गिकरण गरि सरकारबाट दिने गरिएको मासिक भत्तामा नियमित नभएको गुनासा पाईन्छ । परिवारको आर्थिक व्यवस्थापन गर्न मुस्किल भएको छ । हिजो जस्तो पार्टी संस्थाबाट नैतिक भौतिक, सहयोग लडाकुहरुले पाउन सकेका छैनन् । विभिन्न चिराहरुमा विभाजीत नेताहको ध्यान लडाकुका समस्यामा देखिएन ।

कतिपय लडाकु कमाण्डरहरुले अवकास पश्चात सामाजीक आर्थिक क्षेत्रमा राम्रो भुमिकामा रहेका छन् । मन्त्रि, सभासद्, राजनीतिक नियुक्तिमा दर्जनौ कमाण्डरहरु रहेका छन् । उनीहरुको जीवनस्तर तुलनात्मक हिसावले अति राम्रो रहेको छ । कतिपय पुर्व जनमुक्तिसेनाले उद्योग, व्यवसाय, कृषि उत्पादन फारामहरुमा लगानी गरि राम्रो मुनाफा कमाईरहेका छन् । कोही लोकसेवा वाटै सरकारी जागिरमा समावेश भएका छन । कतिपय सामाजिक संघ संस्था एवं खेलकुद क्षेत्रमा कृतिमानी भुमिका खेलेका छन् ।

अवकासमा गएका लडाकुको भन्दा तुलनात्मकहरुले समायोजीत पुर्व जनमुक्ति सेनाको सर्भेक्षणले देखाए अनुसार औसतमा जीवन स्तर राम्रो रहेको छ । सैनिक सेवामा रहंदा सामाजिक प्रतिष्ठा पनि बनिरहेकै छ । व्यक्तिगत रुपले परिवार व्यवस्थापन गर्न जटिलता देखिदैन । सेना भित्रका सवैजसो कल्याणकारी योजनामा सुविधा लिईरहेका छन् । शान्ति स्थापना कार्यमा UN Mission मा पनि कतिपयले भाग लिने अवसर प्राप्त गरिसकेका छन् । शिक्षा, स्वास्थ्य उपचार जस्ता सुविधामा समेत अन्य सैनिक सरह सहभागी भैरहेका छन् । उनीहरुको समस्या बारे संस्थागत क्षेत्रबाट सुनुवाई हुंदा सैनिक सेवामा रहेका पूर्व जनमुक्ति सेनाको अवस्था तुलनात्मक रुपले सहज रहेको छ ।

## ५.२ निष्कर्षहरु

सामाजिक परिर्वतनको लागी नि:श्वार्थ सेवामा खटेका पूर्व जनमुक्ति सेनाको समायोजन अवकासले सामाजीक रुपान्तरणमा महत्वपुर्ण योगदान गरेका छन् । संविधान निर्माणको लागी महत्वपुर्ण पक्ष रहेको उक्त प्रक्रियाका सम्बन्धित पक्ष गंभिरतापुर्वक सहभागी भएको पाईन्छ । नेपालको राजनितिक आर्थिक सामाजिक विकासको लागी द्वन्द्वरत पक्ष विचको शक्ति सन्तुलन गरिएपश्चात नेपालको लोकतान्त्रिक गणतन्त्रको संविधान २०६३ को संभव भएको कुरा दिनको घाम जस्तै स्पष्ट छ । समाज रुपान्तरणको लागी कतिपय पक्ष तल माथी पर्नु स्वभाविक नै

हुन्छ । त्यसको मुल विषय र नतिजा सकरात्मक भएकोले यसलाई ठुलो उपलब्धि मानिनु पर्दछ ।

सेना समायोजन पश्चात स्वेच्छिक अवकास र वहिर्गमनमा रहेका पुर्व जनमुक्ति सेना को सामाजिक आर्थिक पक्षका क्षेत्रमा विभिन्न समस्याहरु रहेका छन् । कम उमेर वा पछि भर्ना भएका भनि वहिर्गमीत पुर्व लडाकुहरुलाई राज्यबाट प्याकेजको योजनामा सहभागी गराउन नसक्नु जटिल समस्या बनेको छ । अनमिनबाटै अयोग्य भनिए पछि वहिर्गमन पश्चात समाजमा उनीहरुलाई हेर्ने र बुझ्ने सवालमा नकारात्मक भएको देखिन्छ । सामाजीक समायोजनका कुनै पनि योजनामा राज्यले जोड्न नसक्नाले हालसम्म यो समस्या बढ्दै गएको छ । आर्थिक राहत दिने राज्यको घोषणा समेत कार्यान्वयन हुन सकेको छैन ।

स्वेच्छिक अवकासमा गएका मध्ये धेरैजसो वैदेसिक रोजगारमा गएका देखिन्छ । आफ्नो पारिवारिक समस्या हल गर्न विदेशिएका अधिकांशको अवस्था जस्तै अवकास गएकाहरुले पनि असुरक्षा मै जोखिमपुर्ण कार्यमा रोजगार गर्नु परेको छ । सरकारी क्षेत्रबाट स्वदेशमै रोजगार र लगानीको व्यवस्था गरेमा लाखौं नेपालीको समस्यासंगै उनीहरुको पनि समस्या हल हुने देखिन्छ ।

सामाजिक एकता, मेलमिलाप कायम राख्न सरकारीस्तरबाटै अवकास लिएका पुर्व जनमुक्ति सेनालाई लक्षित कार्यक्रम आयोजना गरिनु उपयुक्त हुन्छ । असल वातावरण सृजना गर्ने, समाजीक विभेद् असमानता न्युन गर्ने जस्ता कार्यमा राज्यले ध्यान दिन आवश्यक छ । छुट्टै कार्यक्रम वनाई शिक्षा, स्वास्थ्य, रोजगार, लगानी सिप, विकास, कृषि उत्पादन सम्बन्धी गुणनात्मक योजना बनाई राज्यको ध्यान पुऱ्याउनु पर्ने ऋण प्रवाह गर्नुपर्ने देखिन्छ । तत्कालीन र दीर्घकालीन आर्थिक योजना वनाएर युद्धका घाउहरु मेटाउनु पर्ने देखिन्छ ।

युद्धका घाईतेको उपचार शरिरभित्रै रहेका गोलीहरु रहेको उपयुक्त उपचार व्यवस्था असहाय, अपाङ्गलाई राज्यले आफ्नो कल्याणकारी राहतका योजना दिनुपर्छ । महिला वालवच्चाको स्वास्थ्य, शिक्षाको व्यवस्था, सामाजिक मनोवैज्ञानिक काउन्सिलिङ्ग गर्ने सामाजिक अन्तरक्रियामा सहभागी वनाउने, सामाजीक सचेतना जागरण योजना वनाउन आवश्यक छ । अन्तरजातीय विवाह, महिलामाथी हुने विभेद, जातिय असमानता जस्ता सामाजीक समस्यालाई राज्यले कानुनी एवं समाजीक रुपले हल गरिनु पर्ने देखिन्छ ।

युवा उमेरमै घर फर्केकाहरुलाई राज्यले भूकम्प पुननिर्माण जस्ता वृहद् काममा लगाएमा सामाजिक विकास हुनसक्ने, सिर्जनशील सोच विचारलाई विकास कार्यमा लगाउने हुनुपर्दछ । राज्यले गंभीरतापुर्वक समस्या तर्फ ध्यान पुराउन नसक्दा पुन: बन्दुक बोक्ने र जंगल फर्कने जस्ता अभिव्यक्ति आएका छन् । सामाजीक अपराध, चोरी, दुर्व्यसन जस्ता कुवाटोमा जानबाट रोक्ने योजना केन्द्र एवं स्थानिय प्रशासनबाटै वनाउनु पर्ने देखिन्छ । सामाजीक संघ संस्थाको

हरेक विकास कार्यमा पुर्व जनसेनाका सदस्यलाई लगाउन सकेमा थप अन्तरघुलनबाट सामाजिक एकताको स्तरबृद्धि हुन सक्दछ । पुर्व जनमुक्ति सेनाका सवै जात, क्षेत्र, भाषा, धर्म, संस्थाका विभिन्न स्तरबाट समाजमा भएकाले समाजीक आर्थिक एकताको स्तर उठान गर्न महत्वपूर्ण खम्बा बन्ने निश्चित छ ।

## सन्दर्भ सामग्री


के.सी. सुरेन्द्र (२०६३) **नेपाल कम्युनिष्ट पार्टीको इतिहास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

चलाउने, उदय बहादुर "दिपक", (वैशाख २०६६), **जनयुद्ध र जनमुक्ति सेना,** काठमाडौं : छैठौं डिभिजन ।

पाठक विष्णु, (भाद्र २०६६), **ऐक्यवद्धता,** काठमाडौं : ऐक्यवद्धता प्रकासन ।

पुन वर्षमान "अनन्त" (२०६७) **रातो भिल्को,** काठमाडौं : भिल्को प्रकासन ।

पोखरेल, विश्वमणि (६ मंसिर २०६४), **समय** काठमाडौं ।

भण्डारी, केशर बहादुर (जेठ २०६९), **सेना र राष्ट्रिय सुरक्षा** काठमाडौं : फिनिक्स बुक्स ।

भट्टराई, बाबुराम (२०६८), **समायोजनको मोडल** काठमाडौं : भिल्को प्रकासन ।

भाग एक (२०५०) **माओको संकलित रचना** काठमाडौं : प्रगति प्रकाशन ।

बुढामगर, खेम (१३ पुष २०७३), अन्नपुर्ण पोष्ट, राष्ट्रिय दैनिक ।

सिंह, मोहन विक्रम (२०५८), **विश्व कम्युनिष्ट आन्दोलनको इतिहास,** काठमाडौं : प्रगति प्रकाशन ।

**Nepal: From Two Armyt to One,** ASIA Rep.N.211, CG, 2011 Aug. 18.

Bogati Sabindra **/PSP//.**

**Dictionary of Military and Associated Term US Department of Deforce** 2005.

**Final Report on Mapping of Socio-Economic condition of Ex combatants** (MACS) July 2015.

**International Incyclopedia of Social Science** (1973:2).

K.C., Bahadur (2012), **Right the size.** The Kathmandu Post.

**Kathmandu Today**.com/2013/8/1401.html.

**Nepalhimal**.com/article/10293.

**NPTF** 2013.

Pathak, Bishnu (20//10-24) **Sanghu Weekly.**

Pathak, Bishnu (2005), **Politics of People's War & Human Right in Nepal.**

Pun, Kiran (22 Nov 2012), **Ex Maoist Join NA My Republican.**

**Survey Report G12**, 13 Jan 2013.

www.ips.project.org.

**अन्तरवाता अनुसूची**

उत्तर दाताको नामः-                ठेगानाः

लिङ्गः    १. पुरुष    २. महिला    ३. अन्य

तथ्याङ्क संकलन मितिः-

तथ्याङ्क संकलन गरिएको ठाउं                वाडः

**भाग-१ सामाजिक तथ्याङ्क**

१. तपाई कुन जातीको हो ? (क) ब्राहमण (ख) क्षेत्री (ग) दलित (घ) जनजाती (ङ) मधेसी (च) अन्य

२. तपाई कुन धम मान्नु हुन्छ ?

(क) हिन्दु (ख) बौद्ध (ग) मुस्लिम (घ) क्रिस्चियन (ङ) ...........

३. तपाईको उमेर कति छ ?

४. तपाईको शिक्षा कति छ ? (क) उच्च (ख) मा.वि (ग) नि.मा.वि. (घ) प्रा.वि. (ङ) निरक्षर

५. तपाई संस्थाको कुन स्थानमा हुनुहुन्छ या हुंदैन ?

(क) केन्द्र (ख) क्षेत्र (ग) जिल्ला (घ) एरिया (ङ) .................

६. तपाईको परिवारमा को को हुनुहुन्छ ? उमेर सहित उल्लेख गनुहोस् ।

७. तपाईको वैवाहिक अवस्था ? (क) विवाहित (ख) अविवाहित (ग) विधुवा (घ) विदुर

८. तपाईलाई सेना समायोजन र स्वेच्छिक अवकाश पश्चात समाजले हेन धारणा के लाग्छ ?

(क) सकरात्मक (ख) नकारात्मक

९. तपाई समायोजित हो कि स्वेच्छिक अवकास हो ?

१०. तपाईको क्षेत्र कुन हो ? (क) हिमाल (ख) पहाड (ग) तराई

११. तपाईको मातृभाषा कुन हो ?

१२. स्थानीय जनतासंगको सहकाय कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) मध्यम (घ) सन्तोषजनक (ङ) त्यति राम्रो छैन

१३. पेशामा संलग्न भए पछिको जीवन स्तर तुलनात्मक रुपले कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) सन्तोषजनक (घ) खासै मन परेन

## भाग-२ आर्थिक तथ्याङ्क

१. तपाईको पेशा के हो ?

(क) गृहणी (ख) कृषि (ग) व्यापार (घ) वैदेशिक रोजगार (ङ) सरकारी (च) अन्य

२. तपाईको परिवार मासिक आम्दानी गर्न कुन समुहमा पर्छ ?

(क) निम्न आय (ख) मध्यम आय (ग) उच्च

३. तपाईको आफ्नो घर छ ?

(क) पक्कि (ख) कच्चि (ग) डेरा ।

४. तापाईका बच्चाहरु कहां पढ्दछन् ?

(क) सरकारी (ख) निजी स्कुल (ग) पढ्दैनन् ।

५. तपाईको परिवारको जमिनमा स्वामित्व कति छ ?

(क) १ विघा वढी (ख) १० कठ्ठा भन्दा वढी (ग) १ कठ्ठा भन्दा वढी

(घ) १ कठ्ठा भन्दा कम (च) नभएको

६. पेशामा संलग्न भएपछिको आर्थिक वचतको अवस्था तुलनात्मक रुपले कस्तो छ ?

(क) धेरै राम्रो (ख) राम्रो (ग) सन्तुलनमा (घ) पुरै ऋणमा

७. समस्या समाधान गर्न उपाय के हुनु पर्छ ?

# उत्तरदाताको सूची

| सि.नं. | वास्तविक नाम | स्थाई ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | गंगा बहादुर घर्ति मगर | रोल्पा, बुद्धागाउ ७ | |
| २. | डम्बर बहादुर ठकुरी | अर्घा ५ अर्घाखाची | |
| ३. | पुर्ण पुन मगर | कोचबिङ ५, रोल्पा | |
| ४. | खिम बहादुर चौधरी | सीदियार ३, दाङ | |
| ५. | धन बहादुर बिष्ट | मान्मा १, कालिकोट | |
| ६. | सुरेन्द्र भुजेल | काठमाण्डौ, सितापाइला ७ | |
| ७. | दिपक बुढाथोकी | भानु ४, तनहुं | |
| ८. | गोपाल बहादुर डांगी | रग्दा ४, जाजरकोट | |
| ९. | नर बहादुर बि.एम. | माझकाडा ८, सल्यान | |
| १०. | तिलकराज शाह | खलंगा ६, जाजरकोट | |
| ११. | टेक बहादुर बोगटी | जगन्नाथ ८, बाजुरा | |
| १२. | खिमराज भिजीकोटी | मल्म ६, बागलुङ | |
| १३. | चन्द्र बहादुर घर्ती मगर | जंकोट ४, रोल्पा | |
| १४. | डम्बर बहादुर परियार | ने.न.पा. ४ कास्की | |
| १५. | मनिलाल पुन | कोर्चाङ रोल्पा | |
| १६. | कृष्ण बहादुर बुढा | सांख ७, रुकुम | |
| १७. | राम बहादुर बराली | कोटा २ तनहुं | |
| १८. | प्रेम बहादुर के.सी. | खनइ ७ दाङ | |
| १९. | रुपलाल चौधरी | डुरुवा ४, दाङ | |
| २०. | देविचन्द्र बुढा | डिल्लीचौर ४ दाङ | |
| २१. | राम प्रसाद घर्ति | धवाङ ३, रोल्पा | |
| २२. | गौरव ब. रावत | जुम्ला, लाम्रा ९ | |
| २३. | जस बहादुर दागर | मुगु सुकाढी ८ | |
| २४. | लोक प्रसाद भुसाल | पर्वत, शंकरपोखरी २ | |
| २५. | भिम बहादुर नेपाली | कास्की, धुम्की ७ | |
| २६. | मेनुका ढकाल | नवलपरासी, बेनीमणीपुर १ | |
| २७. | मिना राना | तनहुं, माझकोट २ | |
| २८. | दिल बहादुर रोकाया | जुम्ला घोडेमहादेव ४ | |
| २९. | अप्सरा बुढामगर | जाजरकोट, अर्खानी १ | |
| ३०. | मनिषा सोनी | शालिग्राम ४, पर्वत | |
| ३१. | रुपलाल नेपाली | कृष्णपुर २, कंचनपुर | |
| ३२. | लोकेन्द्र खड्का | खलङ्गा ६, जाजरकोट | |
| ३३. | तिलक ब. बगाले मगर | फेक ५ पाल्पा | |

| | | | |
|---|---|---|---|
| ३४. | जीत बहादुर बली | टरिगाउं ७, दाङ | |
| ३५. | सिता गैरे | रामपुर ३, पाल्पा | |
| ३६. | धनिमान बुढा | जेलावाङ ६, रोल्पा | |
| ३७. | टक पुन | कोटगाउं ५, रोल्पा | |
| ३८. | मिन बहादुर थापा | मनकामना ७, स्याङ्जा | |
| ३९. | सुक बहादुर बुढा मगर | जेलबाङ ६, रोल्पा | |
| ४०. | अलोक भुजेल | भ.न.पा. १ चितवन | |
| ४१. | टेक बहादुर भुजेल | राईपुर ६, तनहुं | |
| ४२. | पूर्ण प्रसाद पाण्डे | कालिकोट | |
| ४३. | जागेश्वर वि.क. | कोइलाबास ९, दाङ | |
| ४४. | कृष्ण बहादुर पुन मगर | प्वाङ १, रुकुम | |
| ४५ | मोहन आचार्य | कुसादेवि ५, काभ्रे | |
| ४६ | भीम बहादुर कामी | अर्खौली ९, नवलपरासी | |
| ४७ | उमेश बस्नेत | किरानचोक ३, धादिङ | |
| ४८. | सुमन्द्र कुवर | नलाङ १, धादिङ | |
| ४९. | मेनुका सिलवाल | गजुरी ४, धादिङ | |
| ५०. | खिमलाल भण्डारी | धुरकोटबस्तु ७, गुल्मी | |
| ५१. | हरि बहादुर कार्की | कुनाथरी ८, सुर्खेत | |
| ५२. | राम बहादुर राना | भानु ९, तनहुं | |
| ५३. | हरि भुजेल | वरुणेश्वर ९, ओखलढुङ्गा | |
| ५४. | सुवास लामा | मनोहरी ८, मकवानपुर | |
| ५५. | सावित्री खड्का | जुगु ४, दोलखा | |
| ५६. | उद्धव परियार | वासबारी १, सि.पा. | |
| ५७. | जंग बहादुर बुढा | रामशिखरझाला, कैलाली | |
| ५८. | अर्जुन भण्डारी | फुल्पीडडाडा, सि.पा. | |
| ५९. | मनिराम महतो | शुक्रनगर ४, चितवन | |
| ६०. | अजय तामाङ | हाकु ८, रसुवा | |
| ६१. | रामचन्द्र खनाल | हे.न.पा.६, मकवानपुर | |
| ६२. | चिरन्जिवी सापकोटा | देवदह ६, रुपन्देही | |
| ६३. | प्रबिन परियार | गैडाकोट ८, नवलपरासी | |
| ६४. | तुल बहादुर कार्की | निपाने ८, सिन्धुली | |
| ६५. | रामचन्द्र घर्तिक्षेत्री | अर्जुन चौपारी, स्याङ्जा | |
| ६६. | लक्ष्मण भण्डारी | बैरेनी ८, धादिङ | |
| ६७. | गणेश कुमार पोखेल | निजगढ, बारा | |
| ६८. | प्रल्हाद महरा | इनर्वामाल ६, बारा | |
| ६९. | खगेन्द्र बोगटी | गुट्टु ६, सुर्खेत | |
| ७०. | अरुण मगर | हेटौंडा ९, मकवानपुर | |

| | | | |
|---|---|---|---|
| ७१. | उमेश मण्डल | हरपुर ४, पर्सा | |
| ७२. | राजन शाक्य | कल्लेरी ७, धादिङ | |
| ७३. | हिमाल के.सी. | चिसापानी १, रामेछाप | |
| ७४. | रामनरेश यादव | मर्यादापुर ४, रौतहट | |
| ७५. | अर्जुन सेन्चुरी | फापरबारी १, मकवानपुर | |
| ७६. | मनोज कुमार श्रीवास्तव | भगवानपुर ८, रुपन्देही | |
| ७७. | शिव कुमार के.सी. | पकरबास ९, रामेछाप | |
| ७८. | ईश्वर बहादुर बोहोरा | न्वाडेउ, बैतडी | |
| ७९. | दिनेश वि.क. | मालकोट ६, सुर्खेत | |
| ८०. | नरोत्तम थापा | सोरहवा ३, बर्दिया | |
| ८१ | विर्खे दमाई | दातोला, बझाङ | |
| ८२. | पराङ लामा | परवकोट ६, सर्लाही | |
| ८३. | नविन कुमार चौधरी | माकर ५, नवलपरासी | |
| ८४. | सुनिल शर्मा | भिमेस्थान २, सिन्धुली | |
| ८५. | राधेश्याम नेपाल | बागेश्वरी ७, भक्तपुर | |
| ८६. | नर बहादुर खत्री | ठोसे ७, रामेछाप | |
| ८७. | राम प्रसाद काहार | सिद्धार्थनगर १२, रुपन्देही | |
| ८८. | शान्ति भट्टराई | दर्लुङ्ग ६, पाल्पा | |
| ८९. | कमल चौधरी | खैरीचन्दनपुर, बर्दिया | |
| ९०. | डम्बर बहादुर भुजेल | चिसापानी ६, स्याङ्जा | |
| ९१. | लक्ष्मण लामा | दावन ५, मकवानपुर | |
| ९२. | ललित गिरी | मैनतडा ४, सुर्खेत | |
| ९३. | प्रेम बहादुर खड्का | मैनतडा १, सुर्खेत | |
| ९४. | अविनाश नेपाली | वीरेन्द्रनगर ९, चितवन | |
| ९५. | चन्दा ढकाल | सेतीदोभान १, स्याङ्जा | |
| ९६. | कल्पना वि.क. | अर्घा ९, अर्घाखाची | |
| ९७. | उर्मिला परियार | जर्कतिर्थ १, लम्जुङ | |
| ९८. | रेणु लामा | शिखरपुर ३, मकवानपुर | |
| ९९. | उमा भण्डारी | निजगढ ९, बारा | |
| १००. | अंशु पुन | रुद्रपुर ६, रुपन्देही | |
| १०१. | सनी लिम्बु | शनिश्चरे ३, मोरङ | |
| १०२. | मान माला बुढामगर | गाम्चा, रोल्पा | |
| १०३. | रेश्मा कुमारी खड्का | पुरन्धारा ६, दाङ | |
| १०४. | चन्द्रकला गिरी | सलामसुङ ३, इलाम | |
| १०५. | पुस्तमा वि.क. | हार्जङ ७, रोल्पा | |
| १०६. | कोपिला खड्का | मल्म ९, बाग्लुङ | |
| १०७. | कमला अधिकारी | चाक्सिबोटे ३, ताप्लेजुङ | |

| | | | |
|---|---|---|---|
| १०८. | सालिक बहादुर नेपाली | ढाकावाङ ६, अर्घाखाँची | |
| १०९. | विनय खड्का | भट्टेडाडा ९, ललितपुर | |
| ११०. | धन प्रसाद फुयाल | कामेस्थली ३, काठमाण्डौ | |
| १११. | कैलाश राई | थानागाउं ४, उदयपुर | |
| ११२. | निर बहादुर तामाङ | सिजोङ ८, धादिङ | |
| ११३. | चन्द्र बहादुर जिम्बा | गोकुले ८, काभ्रे | |
| ११४. | मोहन लामा | अयोध्यापुरी ९, चितवन | |
| ११५. | ध्रुव कुमार मिश्र | गुदारीगुठी १, रौतहट | |
| ११६. | राम प्रसाद बस्याल | बुटवल न.पा., रुपन्देही | |
| ११७. | हिमलाल खड्का | कोहलपुर ४, बाँके | |
| ११८. | वीर बहादुर श्रेष्ठ | पृथ्वीनारायण, गोरखा | |
| ११९. | निरु भण्डारी | मधौली ५, चितवन | |
| १२०. | विमला पराजुली | खोप्लाङ, गोरखा | |
| १२१. | लालमति ठगुन्ना | धुलीगाडा १, दार्चुला | |
| १२२. | चिनकला बुढा | खमाले ५, मुगु | |
| १२३. | चन्द्र माया गुम्लाङ | लेकगाउं १, सुर्खेत | |
| १२४. | शिला महर्जन | का.म.न.पा.१, काठमाण्डौ | |
| १२५. | लक्ष्मी श्रेष्ठ | गौथली १, सिन्धुपाल्चोक | |
| १२६. | सुष्मा दनुवार | महादेवस्थान १, काभ्रे | |
| १२७. | हुमकला वि.क. | खिदिम २, अर्घाखाँची | |
| १२८. | पुन माया गुरुङ | गुम्दा १, गोरखा | |
| १२९. | जानुका घलान | हर्नामाडी ४, मकवानपुर | |
| १३०. | प्रकाश श्रेष्ठ | गुनखानी ९, नुवाकोट | |
| १३१. | किरण लामा | माखा, सि.पा. | |
| १३२. | उपेन्द्र प्रसाद यादव | सितलपुर ९, रौतहट | |
| १३३. | शान्ति के.सी. | आठबिसकोट २, रुकुम | |
| १३४. | रुपा भण्डारी | निजगड २, बारा | |
| १३५. | सरस्वती बुढा | चिसापानी ५, बाँके | |
| १३६. | कौशिल्या कुमारी | खुगाक ९, गोरखा | |
| १३७. | रमा नेपाली | अमलाचौर ६, बाग्लुङ | |
| १३८. | पार्वती धामी | मालिकार्जुन २, दार्चुला | |
| १३९. | सिता बल | भैसे ६, मकवानपुर | |
| १४०. | किशोरी प्रसाद यादव | द.किटकैया १, बारा | |
| १४१. | निर्मला वि.क. | गोला ८, बर्दिया | |
| १४२. | सरिता गौतम | कात्तिके देउराली, काभ्रे | |
| १४३. | मन्जु राना मगर | दर्बुङ ७, गोरखा | |
| १४४. | पवित्रा अर्याल | भरतपुर १, चितवन | |

| | | | |
|---|---|---|---|
| १४५. | फुल कुमारी घिसिङ | किसान नगर ६, महोत्तरी | |
| १४६. | मनिषा राई | निर्मलीडाडा ७, खोटाङ | |
| १४७. | इश्वरी रोकाय | भोजपुर २, भोजपुर | . |
| १४८. | मिना पुलामी मगर | गाम्नाङटार १, ओखलढुङ्गा | |
| १४९. | सन्तोषी राई | देविस्थान ४, खोटाङ | |
| १५०. | चुसरा घर्तिमगर | घर्तिगाउं ८, रोल्पा | |
| १५१. | सिता खड्का | देउकाडा २, बर्दिया | |
| १५२. | पबिका राई | सिसुवा ८, सखुवासभा | |
| १५३. | शान्त माया वि.क. | भद्रकाली ६, सिन्धुली | |
| १५४. | सलेन्द्र कुमार यादव | इटहवा ७, सिरहा | |
| १५५. | तारा राई | टेम्मा २, खोटाङ | |
| १५६. | मिना कुमारी चौधरी | गोबर्डिहा ६, दाङ | |
| १५७ | रबिना के.सी. | लोहारपानी ३, दाङ | |
| १५८. | कल्पना बस्नेत | धनकुटा | |
| १५९. | अनिता पाण्डे | साख ३, रुकुम | |
| १६०. | रमा कुमार थापा मगर | वालाढुर २, सिन्धुली | |